का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ माघ २०८०,
आइतबार
4 February 2024,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३६१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

**बाँसबारी जग्गा प्रकरण**

# ललितानिवासकै नजीरमा अरुण चौधरीलाई छुटाउने कसरत

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २० माघ ।

बाँसबारीको १० रोपनी जग्गा निजीकरण गरेको भनी भएको विवादलाई बालुवाटारको ललिता निवासको सरकारी जग्गा विवादको नजिरमा मिलाउने प्रयास भएको छ। ललिता निवासको जग्गा विवादमा 'जानकारी नभइ खरीद गरेको भनी फिर्ता गर्नेहरुले उमुक्ति पाएको नजिर' छ । यही नजीर अनुसार बाँसबारीको जग्गा विवाद मिलाउने तयारी भए अनुसार आरोपितको बयान भएको उच्च स्रोतले जनाएको छ ।

बाँसबारीको १० रोपनी जग्गा निजीकरण गरेको आरोपमा अरुण चौधरी प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को नियन्त्रणमा छन् । सिआइबी शनिबार उद्योगी अरुण चौधरीसँग बयान लिएको थियो । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँका प्रमुख सन्देश श्रेष्ठको रोहबरमा अनुसन्धान अधिकृतहरूसँग अरुण चौधरीले जग्गा फिर्ता गर्न तयार रहेको बयान दिएका छन् ।

बाँसबारी छाला जुत्ता कारखानाको कम्पाउन्डमा च्याम्पियन फुटवेयर स्थापना गरेको त्यहाँको १० रोपनी जग्गा च्याम्पियनकै नाममा ल्याएर चौधरी समूहले चाँदबाग स्कुल सञ्चालन गरेको छ ।



> 'जानकारी नभइ खरीद गरेको र फिर्ता गर्दा उमुक्ति पाएको नजीर' बाँसबारीको जग्गा विवादमा लागू गर्दा उद्योगी व्यापारीले गरेको विरोध साम्य हुने, सत्तारुढ गठबन्धनभित्र दरार नआउने र सरकारले भ्रष्टाचारविरुद्ध अभियान चालेको सन्देश जाने नेताहरुको बुझाइ र विश्वास छ ।

अनुसन्धान अधिकृतहरूसँग चौधरीले आफू च्याम्पियन फुटवेयरको लगानीकर्ता भएको बताएका छन् । बयानमा चौधरीले भनेका छन्, 'हाम्रो लगानी अनुसार बाँसबारी छाला जुत्ता कारखानाले जग्गा दिएको थियो, तर सो जग्गा फिर्ता गर्न म तयार छु ।'

बाँसबारी छाला जुत्ता कारखानालाई २५ प्रतिशत शेयर दिने गरी चौधरी समूहले च्याम्पियन फुटवेयर स्थापना गरेको थियो । सम्झौता पृष्ठ २ मा



> सधैं हजुर तपाईंहरु लुटिराख्नुस्, हामी सहयोग गरिराख्छौं भन्ने पक्षमा सरकार छैन । कोही दोषीलाई कुनै प्रकारको दबाबका आधारमा छाड्ने काम गरिँदैन ।
>
> **नारायणकाजी श्रेष्ठ**
> उपप्रधानमन्त्री एवम् गृहमन्त्री

# शीर्ष दबाबमा गृहमन्त्री श्रेष्ठ

> उच्च व्यापारिक घरानाका व्यक्तिलाई नियन्त्रणमा लिएपछि बढेको राजनीतिक दबाबबीच गृहमन्त्री श्रेष्ठले सार्वजनिक रुपमै चुनौती स्वीकारेका छन् ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २० माघ ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ शनिबार चर्को आक्रोश पोखेका छन् । उच्च व्यापारिक घरानाका व्यक्तिलाई नियन्त्रणमा लिएपछि बढेको राजनीतिक दबाब बीचका गृहमन्त्री श्रेष्ठ शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा चर्को आक्रोश पोखेका हुन् ।

सरकारले चालेको सुशासनको अभियान कुनै पनि हालतमा नरोकिने उनको पुरानै प्रतिबद्धता छ । देशको समृद्धिका लागि सुशासन अनिवार्य शर्त रहेकाले वर्तमान सरकार सुशासन कायम गर्न प्रतिबद्ध रहेको उनले बताए ।

बाँसबारी छालाजुत्ता कारखानाको सरकारी जग्गा विवादमा सबै घटनामा तथ्य प्रमाणले पुष्टि गरेपछि मात्र अनुसन्धान प्रक्रिया प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले अगाडि बढाएको गृहमन्त्री श्रेष्ठले बताए । 'सरकार विधिसम्मत जाँदा कतिपय राजनीतिक सौदाबाजीका आधारमा वा अरु कुनै अवाञ्छित चलखेलका आधारमा सरकारले कुनैमा पनि सम्झौता गर्दैन, त्यसमा हामी प्रष्ट छौं' उनले भनेका छन्, 'तर जनतालाई पनि एउटा अपेक्षा छ, जनताको अपेक्षा वा केही आभासका आधारमा मात्र कसैलाई कारबाहीको दायरामा लिन मिल्दैन, तथ्य, प्रमाणले पुष्टि गर्नुपर्दछ ।'

श्रेष्ठले देशले समृद्धिमा फड्को मार्न नसक्नुमा सुशासन स्थापित गर्न नसक्नु रहेकाले वर्तमान सरकारले भ्रष्टाचारको प्रभावकारी नियन्त्रणसहित अन्य कदम चालिरहेको बताए । उनले भ्रष्टाचारमा संलग्नलाई सरकारले कारबाहीको दायरामा ल्याउँदा राजनीतिक दलका नेता, कर्मचारी तथा व्यवसायीले दबाब दिने गरेको उल्लेख गरे । पृष्ठ २ मा




# नयाँ दिल्लीमा केलाइँदै नेपाल–भारत सम्बन्ध

> अन्तर्राष्ट्रिय सम्बन्ध समितिको भ्रमण टोलीसँग भारतीय नेता, विधायक र अध्यापक/प्राध्यापक जोडिएका छन् । उनीहरु नेपाल-भारत सम्बन्धको विविध आयामसहित यसको ऐतिहासिक विरासत, वर्तमान र भविष्यसम्मका विषय केलाइरहेका छन् ।



**शिव विक / मध्यान्ह**
काठमाडौं, २० माघ ।

प्रतिनिधि सभा अन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिका सभापति राजकिशोर यादव नेतृत्वको संसदीय प्रतिनिधिमण्डल भारत भ्रमणमा छ । भ्रमण टोलीका सदस्यहरुका अनुसार नेपाली प्रतिनिधिमण्ठडलसँग भारतीय नेता, विधायक र अध्यापक/प्राध्यापक जोडिएका छन् । उनीहरु नेपाल-भारत सम्बन्धको विविध आयामका साथसाथै यसको ऐतिहासिक विरासत, वर्तमान र भविष्यसम्मका विषय केलाइरहेका छन् ।

नेपाली भ्रमण टोलीले भारतको बाह्य मामिला स्थायी समितिका अध्यक्ष पिपी चौधरी नेतृत्वको मण्डलसँग नेपाल-भारत सम्बन्धका विविध पक्षबारे औपचारिक रुपमा छलफल गरेको छ । यी लगायत भारतीय पक्षसँग नयाँ दिल्लीमा चलेका भेटमा दुवै पक्षले ऐतिहासिक एवं बहुआयामिक नेपाल-भारत सम्बन्धलाई अझ सुदृढ तुल्याउने तथा दुवै देशका जनताबीचको सम्पर्कलाई घनीभूत बनाउनेबारे छलफल गरेको छ ।

भारतीय संसदको अन्तराष्ट्रिय समितिको निमन्त्रणमा सभापती यादवसहित सांसदहरु सुनीता बराल, छिरिङबहादुर ल्हामु लामा तामाङ, सम्झना थपलिया, योगेश गौचन, हरि उप्रेती, शिशिर खनाल र गंगाराम चौधरी भारत भ्रमण गएका हुन् । समितिका सहसचिव बबिता मिश्र र शाखा अधिकृत प्रमिला पौडेल गौतम पनि टोलीमा सामेल छन् । सांसदहरुले भारतीय विदेशमन्त्री एस जयशंकर र पर्यटनमन्त्री जी किसन रेड्डीसँग पनि भेट गरेका छन् ।

नेपाली सांसदहरुको टोलीले भारतको संसद तथा समितिहरुले कसरी काम गरिरहेको छ त्यसबारे प्रत्यक्ष अनुभव बटुल्नेछ । नेपाली टोलीले भारतको नयाँ संसद भवनको अवलोकन गरेको छ । लोकसभाका अध्यक्ष ओम बिड्ला र संसदका अन्य पदाधिकारीहरु तथा विदेश मामिला समितिसँग नेपाली टोलीले अन्तरक्रिया गरेको छ ।

भेटका क्रममा नेपाली पक्षले प्रधानमन्त्री तहमा भएका सहमति तथा सम्झौताहरुको कार्यान्वयनमा हुने गरेको ढिलाइ बारे पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# उच्च प्राविधिक जनशक्ति भित्र्याउने मलेसियाको तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० माघ

हाल कृषि, पर्यटन, सुरक्षा तथा माइनिङलगायतका क्षेत्रमा विदेशी कामदार ल्याउने अनुमति दिएको मलेसियाले प्रविधिका क्षेत्रमा स्नातक तह उत्तीर्ण जनशक्ति लैजाने गृहकार्य गरिरहेको छ । मलेसियाका लगानी, व्यापार तथा उद्योगमन्त्री तेङ्कु जाफ्रुल अजिजले विदेशी विश्वविद्यालयबाट स्नातक अर्थात ग्राजुयट गरेको जनशक्तिलाई मलेसियामा प्रविधिको क्षेत्रमा रोजगारीको अनुमति दिने योजना सार्वजनिक गरेका थिए । उनको धारणा सार्वजनिक भएपछि मलेसियाको केही क्षेत्रबाट प्रविधिका क्षेत्रमा स्नातक तह उत्तीर्ण जनशक्तिलाई रोजगारी दिँदा स्थानीय युवायुवती बेरोजगार हुने भन्दै आलोचना भएको थियो । त्यसको जवाफमा मन्त्री जाफ्रुलले मलेसियामा आवश्यक परेको दक्ष कामदारको माग र उत्पादन भइरहेको दक्ष जनशक्तिको संख्या अस्वभाविक रहेकाले उत्पादकहरूले वर्षौं पर्खन नसक्ने बताए ।

उनले भने, 'इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स उद्योगलाई वार्षिक ५० हजार इन्जिनियरहरू चाहिएको छ, हाम्रा उच्च शिक्षा संस्थानहरूले अहिले एक वर्षमा ५ हजार स्नातक इन्जिनियरिङहरू मात्र उत्पादन गर्छन् । त्यसैले उद्योगको माग पूरा गर्न समय लाग्छ । लगानीकर्ताहरू आर्टिफिसियल इन्टेलिजेन्समा स्नातक चाहन्छन्, हामीले मलेसियन स्नातकहरू उपलब्ध गराउन सक्दैनौं भने विदेशी स्नातकहरू राम्रो विकल्प हुन सक्छन् ।'

उनले उच्च शिक्षा हासिल गरेका विदेशी कामदार मलेसियाको संस्कृति र कार्य संस्कृति दुवै बुझ्ने भएकाले ग्राजुयट गरेका स्नातक कामदार भित्र्याउँदा देशलाई कुनै नोक्सनी नहुने पनि बताए । मलेसियामा प्रविधिमा आधारित बहुराष्ट्रिय कम्पनीहरूले लगानी बढाउँदा प्रविधिमा आधारित जनशक्तिको आवश्यकता बढेको छ ।

## ठगी गरेको आरोपमा श्रेष्ठविरुद्ध विभागमा उजुरी

**समर्पण भट्टराई / मध्यान्ह**
कोहलपुर, बाँके, २० माघ

वैदेशिक रोजगारीका लागि आकर्षक तलबमा विभिन्न मुलुक पठाइदिने प्रलोभनमा पारी ठगी गरेको भन्दै पर्वतकी मनिषा पुन श्रेष्ठविरुद्ध वैदेशिक रोजगार विभागमा उजुरी परेको छ ।

पर्वतको अन्नपूर्ण गाउँपालिका वडा नं ८ कि श्रेष्ठले कैलालीका तारा बहादुर थापा, सागर सापकोटालगायतलाई वैदेशिक रोजगारीमा पठाइदिने प्रलोभन देखाएर तीन लाख रुपैयाँ भन्दा बढी रकम लिएर फरार भएको विभागमा परेको उजुरीमा उल्लेख छ । पीडितहरुले विभिन्न सरकारी निकायमा गुहार माग्दा पृष्ठ २ मा

# विमानस्थल प्रमुख डीआईजी चन्दको राजीनामा

**कृष्णानन्द भट्ट / मध्यान्ह**
काठमाडौं, २० माघ ।



भित्रुवन अन्तर्राष्ट्रिय विमानस्थल प्रमुख डीआईजी अर्जुन चन्दले राजीनामा दिएका छन् । गत बैशाखमा विमानस्थल प्रमुखको जिम्मेवारी पाएका चन्दले शनिबार अकस्मात राजीनामाको घोषणा गरेका हुन । राजीनामाको खास कारण भने उनले खुलाएका छैनन् । व्यक्तिगत कारणले आफूले राजीनामा जवाफ उनले दिएका छन् ।

चन्दको राजीनामालाई कतिपयले हालै विमानस्थलमा प्रहरी र अध्यागमनका कर्मचारीहरुबीच भएको कुटपिटसँग जोडिएको आशंका गरेका छन् । माघ १२ गते भएको उक्त घटनामा प्रहरीका दुई अधिकारीलाई कारवाही सिफारिस भएको थियो । प्रहरीलाई मात्रै कारवाही गरेकोमा उनी सन्तुष्ट नरहेकाले विमानस्थल प्रमुखका नाताले त्यसको भद्र विरोधस्वरुप उनको राजीनामा आएको कतिपय प्रहरी अधिकारीको भनाइ छ ।

चन्द हालका प्रहरी महानिरिक्षक बसन्त कुँवरकै ब्याचका हुन । २०८१ चैतसम्म प्रहरी सेवामा रहने उनलाई समय थियो ।

मध्यान्ह
www.madhyanhadaily.com
२१ माघ २०८०, आइतबार
4 February 2024, Sunday

# राष्ट्रिय समन्वय परिषद्को बैठकले प्रहरी समायोजनको काम अघि बढाउँछ : उपप्रधानमन्त्री श्रेष्ठ



**कास्की/मस-** उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकारले चालेको सुशासनको अभियान कुनै पनि हालतमा नरोकिने बताएका छन् ।

पोखरामा शनिबार आयोजित पत्रकार सम्मेलनमा उनले देशको समृद्धिका लागि सुशासन अनिवार्य शर्त रहेकाले वर्तमान सरकार सुशासन कायम गर्न प्रतिबद्ध रहेको स्पष्ट पारे । उनले जनतालाई पनि सरकारले छिटोछिटो काम गरेर देशमा सुशासनका लागि काम गरोस् भन्ने अपेक्षा रहे पनि सबै घटनामा तथ्य प्रमाणले पुष्टि गरेपछि मात्र अनुसन्धान प्रक्रिया अघि बढाइएको बताए ।

उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘सरकार विधिसम्मत जाँदा कतिपय राजनीतिक सौदाबाजीका आधारमा वा अरु कुनै अवाञ्छित चलखेलका आधारमा सरकारले कुनैमा पनि सम्झौता गर्दैन, त्यसमा हामी प्रष्ट छौँ, तर जनतालाई पनि एउटा अपेक्षा छ, जनताको अपेक्षा वा केही आभासका आधारमा मात्र कसैलाई कारबाहीको दायरामा लिन मिल्दैन, तथ्य, प्रमाणले पुष्टि गर्नुपर्दछ ।’

श्रेष्ठले देशले समृद्धिमा फड्को मार्न नसक्नुमा सुशासन स्थापित गर्न नसक्नु रहेकाले वर्तमान सरकारले भ्रष्टाचारको प्रभावकारी नियन्त्रणसहित अन्य कदम चालिरहेको बताए । उनले भ्रष्टाचारमा संलग्नलाई सरकारले कारबाहीको दायरामा ल्याउँदा राजनीतिक दलका नेता, कर्मचारी तथा व्यवसायीले दबाब दिने गरेको उल्लेख गरे ।

उनले यही माघ २४ गते प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने राष्ट्रिय समन्वय परिषद्को बैठकले प्रहरी समायोजनको काम अघि बढाउने बताए । ‘राष्ट्रिय समन्वय परिषद्को बैठक बसेर समझदारी बनाउने र त्यसका आधारमा समायोजन समिति घोषणा गर्छौं, समितिले समायोजन कार्यक्रम तालिका प्रकाशित गर्नेछ’, उनले भने ।

यसैबीचउपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले सबै प्रकारका आपराधिक गतिविधिलाई निस्तेज पार्न सुरक्षा निकायहरुको सक्रियता अझै बढाउनुपर्ने र जुनसुकै परिस्थितिको सामना गर्न सुरक्षाकर्मीहरू सदैव तयार रहनुपर्ने बताएका छन् ।

गृह मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशको आयोजनमा विद्यमान सुरक्षा अवस्था, समस्या तथा चुनौति र आगामी कार्यभार लगायतका विषयमा शुक्रबारदेखि पोखरामा शुरु भएको गण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठी, २०८० को समापन समारोहलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले उक्त कुरा बताएका हुन् । उक्त अवसरमा गृहमन्त्री श्रेष्ठले मुलुकमा शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा विभिन्न कानूनहरूको निर्माण गर्दै शान्ति भंग गर्ने र संविधान विरूद्ध काम गर्नेहरु प्रति कडा रूपले प्रस्तुत हुने नीति अवलम्बन गरिएको बताए । समारोहमा गृहसचिव दिनेश भट्टराईले सबै सुरक्षा निकायहरूले आपसी समन्वय गरी सफलतापूर्वक काम गर्नुपर्ने उल्लेख गर्दै कानून विपरितका गतिविधि नियन्त्रण गर्न गोष्ठीको निष्कर्ष फलदायी हुने विचार व्यक्त गरे ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशको शान्ति सुरक्षा सम्बन्धी मन्तव्य व्यक्त गर्दै अपराध नियन्त्रण लगायत शान्ति सुरक्षा कायम गर्ने काममा प्रदेशले प्रहरीलाई आवश्यक सहयोग गर्ने बताए ।

गोष्ठीमा गण्डकी प्रदेशको विद्यमान शान्ति सुरक्षाको अवस्था, समस्या तथा चुनौती, समाधानका उपाय एवं आगामी कार्यक्रम लगायतका विविध विषयमा छलफल, अन्तरक्रिया र प्रस्तुतीकरण भएको थियो ।

गोष्ठीमा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, नेपाली सेना युद्दकार्य विभागका उपरथी प्रेमध्वज अधिकारी, गृह मन्त्रालयका पदाधिकारीहरू, नेपाली सेनाका प्रतिनिधि, गण्डकी प्रदेश स्तरीय सुरक्षा निकायका प्रमुखहरू, प्रदेश अन्तर्गतका सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु तथा सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो ।

# मुगु अस्पतालमा एक्स–रे मेसिन नहुँदा बिरामी समस्यामा




**मुगु/मस-**कर्णाली प्रदेशको विकट हिमाली जिल्ला मुगु अस्पतालमा एक्स-रे मेसिन बिग्रिएर मर्मतको काम नहुँदा बिरामीलाई समस्या भएको छ ।

जिल्लाकै एकमात्र अस्पतालमा रहेको एक्स-रे मेसिनको इमेज क्यासेट बिग्रिएपछि बिरामीलाई एक्स-रे गर्न कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला पठाउने गरिएको जिल्ला अस्पतालले जनाएको छ ।

उक्त एक्स-रे मेसिनको इमेज क्यासेट विद्युतीय भोल्टेज अनियमित भई बिग्रेको र करिब रु दुई लाख ५० हजार रकम खर्च मर्मतमा लाग्ने तथा अस्पतालले रकम व्यवस्थापन गर्नसक्ने भए पनि विद्युतीय भोल्टेजका कारण एक्स-रे मेसिन बिग्रने डरले मर्मत कार्य हुन नसक्दा सामान्य चोटपटकलगायत अन्य बिरामीलाई एक्स-रे गर्न जुम्ला पुग्नुपर्ने बाध्यता रहेको छ ।

जिल्लाका दुरदराजबाट उपचारका लागि जिल्ला अस्पताल आउने बिरामी एक्स-रे मेसिन अभावले अन्योलमा पर्ने गरेका ... बिग्रिएर थन्क्याइएको छ । एक्स-रे मेसिन यसरी विद्युत् भोल्टेज स्थिर नभएर नै बिग्रिएको ढुङ्गानाले बताए । उनले लाखौँ रूपैयाँ खर्च गरेर एक्स-रे मेसिन बनाएर विद्युत्का कारणले बिग्रिहाल्ने बताए ।

केही दिनपछि अस्पताल हाताभित्र विद्युतीय ट्रान्सफर्मर जडान गरिने र मेसिन चलाउनसक्ने विद्युत्को भोल्टेज पुगेपछि एक्स-रे मेसिन मर्मत गरी सञ्चालन गरिने निमित्त स्वास्थ्य प्रमुख ढुङ्गानाले बताए । मेसिन चलाउन दुई सय २० भोल्ट विद्युत्को आवश्यकतापर्ने गरेको र हालको विद्युत्को भोल्टेज अपुग छ । विद्युतीय भोल्टेज बढाउने ... रु सात हजारभन्दा बढी रकम लाग्ने गरेको छ । विसं २०६३ मा जिल्लाका साविकका गम, सोरू, खतेड र करान भेगका जनतालाई स्वास्थ्य सेवा उपलब्ध गराउने उदेश्यले १५ शय्याको अस्पताल सञ्चालनमा आएको थियो ।

जिल्ला अस्पताल बिरामीका लागि अझै व्यवस्थित र भरपर्दो हुन सकेको छैन । कोरियन सरकारले अस्पतालका आवश्यक उपकरणसहित भौतिक पूर्वाधार निर्माण गरिदिए पनि आन्तरिकरुपमा जनशक्ति अभाव, फार्मेसी सेवा सञ्चालन र रक्तसञ्चार केन्द्र नहुँदा बिरामी मर्कामा पर्दै आएका छन् ।

# ‘मृत्युफूल’ कथा संग्रह विमोचन

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २० माघ



साहित्यकार गणेश जिसीका सातौं कृति ‘मृत्युफूल’ कथा संग्रह विमोचन गरिएको छ ।

बाँकेको नेपालगन्जमा भेरी साहित्य समाज केन्द्रीय समितिको भाषा तथा समालोचना विभागको आयोजनामा उक्त कृतिको समीक्षा एवं रचना वाचन कार्यक्रम गरिएको हो ।

भेरी साहित्य समाज केन्द्रीय समितिका महासचिव तथा विश्व नेपाली साहित्य महासंघ नेपाल लुम्बिनी प्रदेश अध्यक्ष लेक प्रसाद प्याकुरेलको अध्यक्षता, नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव तथा वरिष्ठ कथाकार सनत कुमार रेग्मीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । नेपालगन्ज उप-महानगरपालिका वडा नं.-६ फुल्टेक्रा निवासी, भेरी साहित्य समाज केन्द्रीय समिति नेपालगन्जका सल्लाहकार समेत रहेका गणेश जिसीद्वारा लिखित सातौं कृतिको विमोचन प्रमुख अतिथि रेग्मी, विशिष्ठ अतिथि लुम्बिनी विश्वविद्यालय सेवा आयोगका सदस्य प्रा.डा. कृष्ण प्रासद घिमिरे, प्राज्ञ सभा सदस्य महानन्द ढकाल, वरिष्ठ कथाकार नरेन्द्र जंग पिटर, भेरी साहित्य समाज केन्द्रीय समितिका अध्यक्ष हरि प्रसाद तिमिल्सिना, अवधी साँस्कृतिक प्रतिष्ठानका केन्द्रीय समितिका पूर्व अध्यक्ष बिष्णुलाल कुम्हार लगायतले मृत्युफूल कथा संग्रह कृति विमोचन गरेका थिए ।

उक्त कार्यक्रममा गणेश बहादुर जिसीद्वारा लिखित उक्त सातौं कृतिको समीक्षा गीता आर्याल र ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पस खजुराकी क्याम्पस प्रमुख चरित्रा शाहले समीक्षा गरेकी थिइन् ।

कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव तथा वरिष्ठ कथाकार सनत कुमार रेग्मी, प्राज्ञ सभा सदस्य महानन्द ढकाल, भेरी साहित्य समाज केन्द्रीय समिति नेपालगन्जका अध्यक्ष हरि प्रसाद तिमिल्सिना, वरिष्ठ कथाकार नरेन्द्र जंग पिटर, लुम्बिनी विश्वविद्यालय सेवा आयोगका सदस्य प्रा.डा. कृष्ण प्रसाद घिमिरेले शुभकामना मन्तव्य व्यक्त गरेका थिए भने कृतिकार गणेश बहादुर जिसीले आफ्नो कृतिको बारेमा प्रकाश पारेका थिए । सो कार्यक्रममा चन्द्रवती अधिकारी, हाम्रो पूर्णिमा साहित्य समाज कोहलपुरकी उपाध्यक्ष सुमित्रा न्यौपाने, पशुपति शर्मा, बोधराज प्याकुरेल लगायतले आ-आफ्नो रचना वाचन गरेका थिए ।

कार्यक्रममा भेरी साहित्य समाज केन्द्रीय समितिकी सदस्य मीना बरालद्वारा सञ्चालित कार्यक्रममा केन्द्रीय उपाध्यक्ष बालकृष्ण शर्माले स्वागत मन्तव्य गरेका थिए ।

कृतिकार तथा साहित्यकार गणेश जिसीद्वारा लिखित कृतिहरु सम्झौता (लघु उपन्यास), अज्ञात अनाथिनी (उपन्यास), क्रन्दन कथा (कथा संग्रह), मङ्गलचा (खण्डकाव्य), सहरभित्र हराएको मान्छे (कविता संग्रह), गणेश जिसीका हाइकु कथा संग्रह र मृत्युफूल (कथा संग्रह) प्रकाशित भएको छ । उनले भेरी साहित्य समाज केन्द्रीय समिति नेपालगन्ज, वाङ्मय प्रतिष्ठान, प्रगतिशील लेखक संघ, वि.विकास स्मृति पुरस्कार गुठी, नेपाल पत्रकार महासंघ बाँके शाखाद्वारा (जेष्ठ पत्रकार)बाट सम्मानित एवं पुरस्कृत भइ सकेका छन् ।

जिसीका उक्त मृत्युफूल कथा संग्रहमा त्रिगुण, सुनको पिंजडा, एकाकार जीवनको प्रेमिलो अध्याय, माटोको माया, कन्टेनरको आभा, उत्तरार्द्धको यात्रा, सुशीलको दिवास्वप्न, अभिशप्त जिन्दगी, गहना, मिलन, प्रेमले तोडेको सीमारेखा, मृत्युफल, अनुराधा, हाट, राम भरोसेको सपना, पवित्रा, परिर्वतन, खण्डहर नाता, सूर्य बहादुर उर्फ आलोक, महत्वकाँक्षी, अकल्पनीय प्रेम, अधिकार, चुनाव, निमीलता कथा संग्रह रहेका छन् ।

यसैगरी कार्यक्रममा खजुरा प्रज्ञा प्रतिष्ठानका उप-कुलपति डा.इन्द्र बहादुर भण्डारी, भेरी साहित्य समाज केन्द्रीय समितिका सल्लाहकार तथा वरिष्ठ पत्रकार पूर्णलाल चुके, डा. जनार्दन आचार्य, शिक्षाविद् किरण आचार्य, पुष्पा सुवेदी, अशोक कर्माचार्य, श्यामानन्द सिंह, खम्भ पुन, ज्ञानोदय माध्यमिक बिद्यालय खजुराका प्रधानाध्यापक ऋषिराम सापकोटा, नवराज भट्ट, रामचन्द्र आचार्य, डिल्ली प्रसाद न्यौपाने, लक्ष्मी बस्याल, खगेन्द्रगिरि कोपिला, साहित्यकार तथा अधिवक्ता भीम बहादुर शाही, इन्द्र बहादुर बस्नेत, पुष्पमणि प्रधान, बि. विकास स्मृति साहित्य पुरस्कार गुठीका अध्यक्ष पंकज कुमार श्रेष्ठ, नृपेन्द्र जिसी, रिमा थारु, नरेन्द्र बहादुर स्वार, शाश्वत शान्तम्, शरण कर्माचार्य, अर्जुन ओली, मधु पौडेल, गोविन्द शर्मा, राजकुमार थारु, आर.के. देवकोटा, शिवेन्द्र भण्डारीलगायतको सहभागिता रहेको थियो ।

# महानगरले छुट्याइएको फोहोर संकलन वडा नं २७ बाट शुरु गर्ने



**काठमाडौं/मस-** काठमाडौँ महानगरपालिकाले स्रोतमा वर्गीकरण गरिएको फोहोर संकलन कार्यक्रम वडा नं २७ बाट शुरु गर्ने भएको छ । यसका लागि महानगरपालिकाले हरियो र निलो रङको सङ्केतसहितको गाडी समेत तयार पारिसकेको जनाएको छ ।

फोहोरको स्रोतमै वर्गीकरण गरी संकलन, ढुवानी तथा व्यवस्थापन गर्नका लागि गाडीको व्यवस्था गरिएको हो । वडा नं २७ मा जनसंख्या पाँच हजार छ । जहाँ एक हजार चार सय घरधुरी छन् । वडा नं २७ का स्थानीय रमेश महर्जनले महानगरको प्रशंसा गर्दै आफूहरूले स्रोतमै फोहोर छुट्याएर राख्ने बताए ।

वडा नं २७ का अध्यक्ष योगेश खड्गीले यसका लाग घरघरमै पुगेर फोहोर छुट्याउने विधि सिकाउने योजना रहेको बताए । उनले भने, ‘फोहोर संकलन गर्न जाने कर्मचारीलाई छुट्याइएको फोहोर गाडीमा राख्ने प्रभावकारी तरिका सिकाउँछौँ । यसका लागि वडावासीबाट सकारात्मक प्रतिक्रिया पाएका छौँ ।’

आगामी एक हप्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, छुट्याइएको फोहोरको नमूना सङ्कलन गर्ने अभ्यास गर्ने वडाको योजना छ । यसपछि कार्यक्रम पूर्ण कार्यान्वयनमा ल्याइने छ ।

महानगरका वातावरण व्यवस्थापन विभागका प्रमुख रविनमान श्रेष्ठले स्रोतमै छुट्याइएको फोहोर व्यवस्थापनका लागि तीन दशमलव पाँच क्युबिक मिटर क्षमता भएको गाडी तयार पारिएको छ । सो गाडीमा हरियो र निलो रङका दुई खण्ड तयार पारिएको छ । एउटा खण्डको क्षमता एक दशमलव पाँच क्युबिक रहेको उनको भनाइ छ ।

उनले भने, ‘बाहिरबाट हेर्दा गाडी दुई रङको देखिन्छ । कुहिने फोहोर सङ्कलन गरिने कोठा तिर हरियो छ भने नकुहिने तथा अन्य फोहोर संकलन गरिने कोठातिर निलो रङ पोतिएको छ ।’ वडा न २७ मा कार्यक्रम सफल भएपछि अन्य वडामा पनि विस्तार गरिने छ ।

# कर्णाली प्रदेश सरकारको बेरुजु साढे चार अर्ब

**कर्णाली/मस-** कर्णाली प्रदेश सरकारको पछिल्लो पाँच वर्षमा रु चार अर्ब ४८ करोड २० लाख ३३ हजार तीन सय २४ बेरुजु रहेको तथ्याङ्क सार्वजनिक गरिएको छ ।

कर्णाली प्रदेशसभा सचिवालयद्वारा प्रदेशसभाको छैटौं स्थापना दिवसका अवसरमा शनिबार वीरेन्द्रनगर सुर्खेतमा आयोजित ‘प्रदेशसभाका पदाधिकारीसँग पत्रकारहरूको संवाद कार्यक्रममा बेरुजुको तथ्याङ्क सार्वजनिक गरिएको हो । उक्त बेरुजु प्रदेश सरकारका मन्त्रालय र त्यसअन्तर्गतका निकायको रहेको सार्वजनिक लेखा समितिका सभापति जीतबहादुर मल्लले जानकारी दिए ।

कूल बेरुजुमध्ये नियमित गर्नुपर्ने रु दुई अर्ब ६३ करोड ६५ लाख तीन हजार नौ (५८ दशमलव ८२ प्रतिशत), असुलउपर गर्नुपर्ने ३७ करोड ५३ लाख ३८ हजार ८६ (आठ दशमलव ३७ प्रतिशत) र पेश्की रु एक अर्ब ४७ करोड एक लाख ९२ हजार एक सय ८९ (३२ दशमलव ८० प्रतिशत) रहेको सभापति मल्लले बताए ।

‘त्यसमा ३५ करोड ६८ लाख ७३ हजार चार सय ३५ फछ्र्यौ भएको छ’, उनले भने, ‘विगत पाँच वर्षमा ११ करोड ७९ लाख ८० हजार चार सय पाँच बेरुजु फछ्र्यौट भएकामा यस समितिको एक वर्षको अवधिमा रु २३ करोड ८८ लाख ९३ हजार २९ बेरुजु फछ्र्यौट भएको छ ।’

उनका अनुसार बेरुजु फछ्र्यौट गर्नुपर्ने निकायमा आठ मन्त्रालय, नौ निर्देशनालय, एक सय १८ कार्यालय र आयोग तथा अन्य छ छन् । बेरुजु सबैभन्दा बढी भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय रु दुई अर्ब २२ करोड ६३ लाख ७१ हजार आठ सय ६६ रहेको जनाइएको छ । सबैभन्दा कम मुख्य न्याधिवक्ताको कार्यालयको रु एक लाख ४५ हजार ५९ बेरुजु रहेको जनाइएको छ ।

## ललितानिवासकै...

अनुसार बाँसबारी छाला जुत्ता कारखानाले च्याम्पियन फुटवेयरमा १२ लाख लगानी गर्नुपर्ने भएपनि २६ लाख लगानी गरेको बताइन्छ ।

बाँसबारी छाला जुत्ता कारखाना सञ्चालक समितिले च्याम्पियन फुटवेयरमा २५ प्रतिशत लगानी गर्ने सम्झौता गरेको थियो । सो बापत १२ लाख ५० हजार लगानी गरे पुग्नेमा २६ लाख लगानी गरेको अनुसन्धानबाट थाहा भएको छ । सो रकम १० रोपनी जग्गाको मूल्य बराबर २५ लाख र नगद १ लाख गरी २६ लाख लगानी गरेको ब्युरोको अनुसन्धानबाट खुलेको छ ।च्याम्पियन फुटवेयरको ५० लाख चुक्ता पुँजीमा २६ लाख लगानी गरेपश्चात ५० प्रतिशत भन्दा बढी शेयर पाउनुपर्नेमा २५ प्रतिशत मात्रै सेयर लिने सम्झौता गरेर गलत मनसाय राखेको अनुसन्धानले देखाउँछ ।

जग्गा हिनामिना गरेको अपरोपमा तत्कालीन च्याम्पियन फुटवेयर प्रालिका सञ्चालक अरुण कुमार चौधरी, बाँसबारी छाला जुत्ता कारखानाका लिमिटेडका तत्कालीन अध्यक्ष अजित नारायण सिंह थापा र सीजी चाँदाबाग रेसिडेन्सी प्रालिका अध्यक्ष सञ्जय ठाकुर थुनामा छन् ।

तर कानुनको जानकारी बिना सरकारी जग्गा निजीकरण हुन पुगेको भन्ने भाष्य बनाएर आरोपितलाई छुटाउने प्रयास भएको बताइन्छ । यसका लागि नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलका छोरा आरोपित हुन पुगेको ललिता निवासको सरकारी जग्गा विवाद मिलाएको नजीर देखाइएको छ ।

पूर्वसचिव शारदाप्रसाद त्रिताल संयोजकत्वको टोलीले अनुसन्धान अघि बढाए देखि पौडेल बालुवाटार जग्गा विवाद प्रकरणमा मुछिएका थिए । तर अख्तियारले विशेष अदालतमा मुद्दा दायर गर्दा पौडेलको नाम परेन । कारण- पौडेलले ललिता निवास क्षेत्रमा किनेको जग्गा फिर्ता गरेका थिए ।

त्यसबेला अख्तियारले बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र आफ्नो नाममा कायम रहेका जग्गाहरु नेपाल सरकारलाई छाडिदिन मञ्जुर गरेकाले जग्गा जफतको मागदावी लिन पौडेललाई प्रतिवादी बनाउन आवश्यक नदेखिएको प्रष्टीकरण दिएको थियो । यो नजिर बाँसबारीको सरकारी जग्गा विवादमा समेत स्थापित गरेर जाने गरी मभ्यमार्गी पर्यास अगाडि बढेको बताइन्छ । यसो गर्दा उद्योगी व्यापारीले गरेको विरोध साम्य हुने, सत्तारुढ गठबन्धनभित्र आउन खोजेको दरार कम हुने र सरकारले पनि भ्रष्टाचारविरुद्ध अभियान चलाएको भनिरहन पाउने नेताहरुको बुझाइ र विश्वास छ ।

## शीर्ष...

कसैको दबाबका बाबजुद सरकार अगाडि बढ्ने उनको दृढता छ । गृहमन्त्री श्रेष्ठको दृढता छ, ‘सधैं हजुर तपाईहरु लुटिराख्नुस्, हामी सहयोग गरिराख्छौं भन्ने पक्षमा सरकार छैन । देश बर्बाद हुदै जाओस्, भ्रष्टाचार पनि बढ्दै जाओस् त्यसको निम्ति हामी पनि सेवा गर्न पाऔं भनेर रातो कार्पेट बिच्छ्याउने पक्षमा छैनौं ।’

एक जना पनि निर्दोषलाई अनावश्यक रुपमा दुःख दिने वा उनीहरुलाई डाम्ने काम नगर्ने प्रतिवद्धता दोहोऱ्याउँदै उनले भने, ‘कोही दोषीलाई कुनै प्रकारको दबाबका आधारमा छाड्ने काम सरकारले गर्दैन ।’

अर्थात्, उच्च व्यापारिक घरानाका व्यक्तिलाई नियन्त्रणमा लिएपछि बढेको राजनीतिक दबाबकाबीच गृहमन्त्री श्रेष्ठले सार्वजनिक रुपमा चुनौती स्वीकार्दै अघि बढ्ने दृढता व्यक्त गरेका छन् । आफ्नै दृढतामा अड्न नसके गृहमन्त्री श्रेष्ठले स्टन्ट गरेको आरोप बाचुन्जेल खेप्नुपर्ने हुन्छ । यसको समेत ख्याल गर्दै उनले अगाडि भनेका छन्, ‘राजनीतिक व्यक्ति कारबाहीमा परे भने राजनीतिक पार्टीका नेताहरु कराउने, चर्को स्वरले राजनीतिक नेताहरुलाई गर्नुभएन, यो पूर्वाग्रही भएर गऱ्यो भन्दिहाल्ने । उद्योग व्यवसायी कोही परे उद्योग व्यवसायीका संगठन र तिनले पकडमा लिएका मान्छेहरु चर्को चर्को स्वरले कराइहाल्ने, यत्रो राष्ट्रको अर्थतन्त्रमा योगदान गरेको मान्छेलाई कहाँ त्यसो गर्न हुन्छ र भनेर दबाब दिइहाल्ने । कर्मचारी पऱ्यो भने कर्मचारी संगठन र अरु अरु पनि कराउने ?’ गरिब र मजदुरलाई कारबाही गरेर सुशासन नआउने भन्दै उनले प्रश्न गरेका छन्, ‘त्यही गरिब, मजदुर, पेटीमा पसल राख्ने मान्छेलाई कारबाही गर भनेको हो ?’

## नयाँ ...

चासो राखेका छन् । त्यसबाहेक जनस्तरबाट उठ्दै आएका कतिपय मुद्दाहरु पनि उठाएका छन् ।

नेपाली सांसदहरुको टोलीले दिल्लीस्थित नेपाली राजदूत शंकरप्रसाद शर्मा र दूतावासका अन्य अधिकारीहरुसँग पनि छलफल गरेको छ । गोवा, मुम्बई तथा लखनऊ र बनारस भ्रमणका क्रममा भारतमा रहेका भारतीय र नेपाली उद्योगी/व्यवसायीसँग पनि भेट गरेको छ ।

## ठगी...

समेत सम्पर्कविहीन श्रेष्ठ हालसम्म पक्राउ नपरेको पीडितहरुको भनाइ छ । उनीहरुले आफूहरुलाई ठगी गर्ने श्रेष्ठलाई पक्राउ गरी कानूनी कारबाही गर्न माग गरेका छन् । यसअघि पनि श्रेष्ठले बेलायतमा सिजनल भिसामा लगिदिने बहानामा विभिन्न व्यक्तिलाई ठगी गरेको बताइएको छ । यस विषयमा मनिषा पुन श्रेष्ठसँग बुझ्न खोज्दा सम्पर्क हुन सकेन ।

KUWAIT मा रोजगार | कम्पनी: AL SAYEDA AL FARIDA CO FOR LADIES BEAUTY SALON
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/१०/१९ चलानी नं.: ६०२१४२८९ LT. No.: 299379

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicure/pedicure/henna Artist/general Beautician | 0 | 3 | स. काममा दक्ष | 180 | ७७,५४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २८ गते (11 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
एकताटोल, सिनामंगल, काठमाडौं
(Opposite Hyundai Service Center)
फोन: ०१-४५९२९०५, ०१-४५९२९०६
मो. ९८०२३२३१९५, ९८०२३२३१९६, ९८०२३२३१९७, ९८०२३२३१९८, ९८०२३२३१९९
Email: hiringagr@gmail.com, mail@aaravrecruitment.com
Aaravglobal.recruitment

# उत्पादन वृद्धि र रोजगारी सिर्जना सरकारको प्राथमिकतामा : प्रधानमन्त्री

**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कृषि क्षेत्रको विकासबाट उत्पादन वृद्धि र रोजगारी सिर्जनामा वर्तमान सरकार केन्द्रित भएको बताएका छन् । सिन्धुलीको दुधौली नगरपालिकाको सिर्थौलीमा शनिबार दुधौली नगर अस्पतालको समुद्घाटन गर्दै उनले कृषिमा आधारित उद्योगको विकासमा विशेष जोड दिइएको बताए ।

स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले सरकारले रुग्ण उद्योग सञ्चालन गर्न लागेको जानकारी दिँदै उनले त्यस्ता उद्योग सञ्चालनका लागि सम्बिन्धत मन्त्रालय र विभागलाई निर्देशन दिएको बताए । भारत र चीन भ्रमणका क्रममा प्रधानमन्त्रीका रुपमा आफूले कृषिको यान्त्रिकीकरण र कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न पहल गरेको बताउनुभयो । नेपालको कृषिको विकासका लागि छिमेकी मुलुकबाट पनि प्रतिबद्धता व्यक्त भएको उनको भनाइ छ ।

वर्तमान सरकार सुशासन, सामाजिक न्याय र समृद्धिको स्पष्ट दृष्टिकोणसहित अघि बढेको उल्लेख गर्दै प्रधामन्त्री दाहालले सरकारबाट थालनी भएका जनपक्षीय कामबाट जनतामा सरकारप्रति आशा र भरोसा बढेको बताए । 'सरकारले स्वास्थ्य र शिक्षालाई विशेष प्राथमिकता दिएको छ, सुशासनको पक्षमा सरकारले महत्वपूर्ण कदम चालेको छ', उनले भने, 'जनताले पाइरहेको सास्तीलाई मध्यनजगर गर्दै सेवा प्रवाहलाई सहज बनाइएको छ ।'



प्रधानमन्त्रीका रुपमा आफूले द्विपक्षीय र बहुपक्षीय मञ्चमा नेपालका तर्फबाट जलवायु परिवर्तनका असरका मुद्दालाई प्रमुखताका साथ उठान गरेको जानकारी दिँदै उनले नेपालजस्ता पर्वतीय मुलुकका समस्या समाधान गर्न अन्तर्राष्ट्रिय समुदायलाई अपिल गरेको बताए ।

मुलुकको अर्थतन्त्रलाई सही स्थानमा ल्याउन महत्वपूर्ण निर्णय लिइएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले पछिल्लो समय अर्थतन्त्र सही अवस्थामा फर्किएको स्पष्ट पारे । 'अर्थतन्त्रका सूचक धेरै उत्साहजनक रहेका छन्, विदेशी मुद्राको सञ्चिती तथा पर्यटकको आगमन वृद्धि भएको छ', उनले भने, 'यसले अर्थतन्त्रलाई सही बाटोमा ल्याउन मद्दत गरेको छ, पछिल्लो समय राजस्व पनि वृद्धि भएको छ ।'

प्रधानमन्त्री दाहालले दुधौली नगर अस्पताललाई आवश्यकपर्ने उपकरण, दक्ष जनशक्ति र कर्मचारीको व्यवस्था गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । यस क्षेत्रमा विषालु सर्पको टोकाइबाट धेरैको ज्यान जाने गरेको जानकारी आफूले प्राप्त गरेको उल्लेख गर्दै उनले दुधौली अस्पतालमा सर्पदंश उपचारको व्यवस्था गरिने बताए । गरिब, दलित, उत्पीडित जनताको हकहित संरक्षणबाट मात्रै गणतन्त्र संस्थागत हुने भएकाले तल्लोतहका जनताको हकहित रक्षामा लाग्नुपर्नेमा जोड दिँदै उनले संघीय लोकतान्त्रिक गणतन्त्रण्को विकल्प सुदृढ र समुन्नत गणतन्त्र नै भएको त्यसको अर्को विकल्प हुनै नसक्ने बताए ।

कार्यक्रममा बागमती प्रदेशमा मुख्यमन्त्री शालिग्राम जम्कट्टेलले नगर अस्पतालको विकासमा प्रदेश सरकारकोतर्फबाट उचित सहयोग रहने बताए । सो अवसरमा प्रधानमन्त्री दाहालले १५ शय्याको दुधौली नगर अस्पतालको समुद्घाटन गरेका थिए । करिब रु १८ करोडको लागतमा निर्मित उक्त अस्पतालले दैनिक एक सय ५० बढी बिरामीलाई विभिन्न प्रकारका स्वास्थ्य सेवा उपलब्ध गराउनेछ ।

प्रधानमन्त्री दाहालद्वारा उदयपुर सिमेन्ट उद्योगको अवलोकन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उदयपुर सिमेन्ट उद्योगको अवलोकन गरेका छन् । उद्योग रहेको स्थान उदयपुरको जलजले पुगी उनले आज उद्योगको प्लान्टलगायत महत्वपूर्ण संरचनाको अवलोकन गरेका हुन् ।

प्रधानमन्त्री दाहाललाई महाप्रबन्धक खगेन्द्र बस्नेतलगायतका उच्चपदस्थ अधिकारीले उद्योगको समग्र अवस्थाबारे जानकारी गराएका थिए ।

सो क्रममा प्रधानमन्त्री दाहालले उद्योगलाई यही अवस्थामा नभई 'अपग्रेड' गरेर सञ्चालन गर्नुपर्ने बताए । आफूले उद्योगको समस्यालाई गम्भीर रुपमा लिएको उल्लेख गर्दै उनले उद्योगलाई दीर्घकालीनरुपमा सञ्चालन गर्न सरकार तयार रहेको बताए । अहिले उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन ।

उदयपुर सिमेन्टर नेपाल सरकारद्वारा सञ्चालित सिमेन्ट उद्योग हो । नेपाल र जापान सरकारको संयुक्त लगानीमा विसं २०४४ जेठ ३१ गते सो उद्योगको स्थापना भएको थियो । उक्त उद्योगले उत्पादन गरेको 'गैंडा छाप' ब्राण्डको सिमेन्ट नेपाली उपभोक्तामाझ लोकप्रिय छ ।

# नि:शुल्क पुस्तक बाँड्दै 'आशाको झोला'

**काठमाडौं/मस–** पुस्तक पारखीहरुका लागि खुसीको खबर छ । अध्ययनमा रुची राख्ने तर किन्ने क्षमता नभएकाहरुका लागि 'ब्याग्स् अफ होप' (आशाको झोला) नामक संस्थाले आइतबार नि:शुल्क पुस्तक वितरण गर्ने भएको छ ।

संस्थाका अध्यक्ष नितिश जोशीका अनुसार बानेश्वरस्थित छक्कु बक्कु पार्कमा बिहान ११ बजेदेखि स्टल राखेर पुस्तक वितरण हुनेछ । 'आम मानिसले पढ्ने किताब हामी सबैलाई बाढ्छौं,' उनले भने, 'विद्यार्थीका किताब चाहि विद्यार्थीलाई नै दिने हाम्रो योजना हो ।'




प्रत्येक हप्ताको आइतबार हुने पुस्तक वितरण कार्यक्रम तीन महिनासम्म चल्ने बताउँदै जोशीले त्यसका लागि आवश्यक पुस्तक संकलन भएको जानकारी दिए । 'हामीसँग राम्रै मात्रामा किताव संकलन भएका छन्,' उनले भने, 'युवाहरुले केही गरौं भनेर लिएको पहल हो यो ।'

पुस्तक वितरण कार्यक्रम भने पहिलो पटक आयोजना हुन लागेको हो । जोशीले यसअघि मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम र सुकुम्बासी बस्तीमा कपडा वितरण गरेको र त्यो अभियान जारी रहेको बताए ।

# ब्राउन सुगरसहित युवक पक्राउ

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २० माघ

कपिलवस्तुको कृष्णनगरमा ईलाका प्रहरी कार्यालय कृष्णनगरले ब्राउन सुगरसहित एक युवकलाई पक्राउ गरेको छ । कपिलवस्तुको कृष्णनगर सिमानाकाको बाजारबाट चन्द्रौटातर्फ पैदल जाँदै गरेका १९ वर्षीय इस्तेयाज अहमदलाई ईप्रका



कृष्णनगरले बिहीबार पक्राउ गरेको हो । ईलाका प्रहरी कार्यालयको गेट अगाडि चेकजाँच गर्ने क्रममा युवक अहमदको साथबाट ब्राउन सुगर बरामद गरिएको हो । कृष्णनगर नगरपालिका ३ झण्डेनगर घर भएका १९ वर्षीय युवक लागू औषध सेवनकर्ता तथा कारोबारी समेत रहेको खुलेको प्रहरीले जनाएको छ ।

---

## कर्णाली प्रदेश खेलकुद विकास परिषद्
**वीरेन्द्रनगर, सुर्खेत**
## Karnali Province Sports Development Council
**Birendranagar, Surkhet**

### शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना नं. ६ / २०८०/२०८१**
**(प्रथम पटक प्रकाशित मिति : २०८०/०९/२०)**

यस कर्णाली प्रदेश खेलकुद विकास परिषदले चालु आ.व. का लागि मार्चपास तथा खेल पोशाक खरिद गर्नु पर्ने भएकोले प्रचलित कानुन बमोजिम योग्य आपूर्तिकर्ताबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र शिलबन्दी दरभाउपत्र खरिदका लागि आह्वान गरिन्छ ।

१. खरिद गरिने सामानको किसिम र परिमाण दरभाउ सम्बन्धी कागजातमा उल्लेखित भए बमोजिम हुनेछ ।
२. दरभाउपत्र खरिदको लागि आपूर्ति कर्ताले प्यान, भ्याट, व्यवसाय दर्ताको प्रमाणपत्र, आ.व. २०७९/०८० कर चुक्ताको प्रमाणपत्र, व्यवसाय नविकरण, प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ ठेक्काको लागि यस कर्णाली प्रदेश खेलकुद विकास परिषदको कार्यालय कोड नं. ३५०००६८०५६ राखि राजश्व आम्दानी खाता नं. १०००१००२०१०१०००६, राजस्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको राष्ट्रिय बाणिज्य बैंकको सक्कलै भौचर कर्णाली प्रदेश खेलकुद विकास परिषद्मा उल्लेखित रकम फिर्ता नहुने गरी बुझाई कार्यालयबाट खरिद गर्न सकिने छ ।
३. यसरी खरिद गरिएका शिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र बुझाइ सक्नु पर्ने छ । म्यादभित्र र रितपूर्वक प्राप्त हुन आएका शिलबन्दी दरभाउपत्र सोहि दिनको २:०० बजे यस कार्यालयका प्रतिनिधि तथा दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थिती भएमा पनि यस कार्यालयको प्रतिनिधिहरुको राहवरमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. शिलबन्दी दरभाउपत्रको हरेक आइटमहरुको मु.अ.क. बाहेकको दर अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।
५. शिलबन्दी दरभाउपत्र जमानत वापतको तल उल्लेखित रकम यस कर्णाली प्रदेश खेलकुद विकास परिषदको कार्यालय कोड नं. ३५०००६८०५६ राखि धरौटी खाता नं. ४०८०१००२०२०३०००० मा जम्मा गरेको राष्ट्रिय बाणिज्य बैंकको सक्कलै भौचर वा यस कार्यालयको नाममा जारी भएको शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन मान्य अवधि भएको बाणिज्य बैंकबाट जारी भएको जमानी पत्र (विडबण्ड) संलग्न राखि शिलबन्दी दरभाउ पत्र पेश गर्नु पर्ने छ ।
६. शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन लाई उक्त प्रयोजनको लागि मान्यता दिइने छ । रित नपुगि वा म्याद नाघि आएका शिलबन्दी दरभाउपत्र उपर कुनै कार्वाहि हुने छैन ।
७. दरभाउपत्रदाताले कार्यालयमा राखिएको नमुना अनुसारको पोषाकसँग मिल्दो जुल्दो र दरभाउपत्रमा तोकिएको स्पेसिफिकेशन अनुसारको नमुना पोषाक र दरभाउपत्रमा तोके अनुसारको आर्थिक प्रस्ताव सहितको विवरण छुट्टाछुट्टै शिलबन्दि खाम बन्दि गरी तोकिएको समयभित्र कार्यालयमा दर्ता गर्नु पर्नेछ ।
८. शिलबन्दि दरभाउपत्र खोली मुल्याङ्कन समितीबाट शुरुमा दरभाउपत्र दाताले पेश गरेको शिलबन्दि खाम खोली मुल्याङ्कन गरिनेछ र उक्त मुल्याङ्कन समितीको प्रतिवेदन अनुसार सारभुत रुपमा प्रभावग्राही देखिएका दरभाउपत्र दाताको मात्र आर्थिक प्रस्ताव खोली मुल्याङ्कन गरिनेछ ।
९. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१०. उपरोक्त बुँदाहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद निमावली, २०६४ बमोजिम हुनेछ ।
११. शिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारी चाहिएमा यस कार्यालयको वेवसाइट https:\\sports.karnali.gov.np वा फोन नं. ९८५८३२११६७ मा कार्यालय समयभित्र सम्पर्क राखि बुझ्न सकिने छ ।

**तपशिल:**

| क्र.सं. | दरभाउपत्र नं. | खरिद सम्बन्धी विवरण | जमानत पत्र रकम र मान्य अवधि भएको | दरभाउपत्र खरिद दस्तुर |
|---|---|---|---|---|
| १ | ६/२०८०/२०८१ | मार्च पास र खेल पोशाक आपुर्ति गर्ने | रु. ४०,०००।०० दरभाउपत्र खोलेको मितिले ७५ दिन मान्य अवधि भएको | रु. १०००।०० |

**सदस्य सचिव**

---

## Invitation for Bids
## Balan Bihul Rural Municipality
## Office of the Rural Municipal Executive
**Malhaniya, Saptari**

### Invitation for Bids No: BBRM/Saptari/Work/NCB/02/080/81

**Date of publication: B.S. 2080/10/21 (4th Feb, 2024)**

1. Balan Bihul Rural Municipality, Office of the Rural Municipal Executive, Malhaniya, Saptariinvites electronic bids from eligible bidders for the construction of Construction of Balan Bihul Polytechnic College at Balan Bihul Ward No. 1, Saptari under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years:
   - NRs 2,59,47,368.44/-
   - Minimum Work experience of similar size and nature: At least one RCC frame structured building constructed with a minimum cost of NRs. 2,59,00,000/- (without VAT) within last 10 years.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Balan Bihul Rural Municipality, Office of the Rural Municipal Executive, Malhaniya, Saptari, info@balanbihulmun.gov.np,balanbihulrm@gmail.comor may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit thenon-refundable bid document fee NRs 5,000/- as a cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Laxmi Sunrise Bank Limited
   Name of Office: Balan Bihul Rural Municipality
   Office Account no.: 09103000045
   Rajaswa (revenue) Shirshak no.: AANTRIK RAJASHWO KHATA
5. Pre-bid meeting shall be held at Balan Bihul Rural Municipality, Office of the Rural Municipal Executive, Malhaniya, Saptariat 11:00 AM on BS 2080-11-11 (AD 23rd Feb 2024).
6. Electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 afternoon on 2080/11/22 (AD 5th March 2024) Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 PM on 2080/11/22 BS(AD 5th March 2024) at the office of Balan Bihul Rural Municipality, Office of the Rural Municipal Executive, Malhaniya, Saptari. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs 14,00,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.
8.

| | |
|---|---|
| Account Details to furnish the bid security amount | Account Name:STHANIYA DHARAUTI KHATA<br>Bank Name: Laxmi Sunrise Bank Limited<br>Bank Address: Balan Bihul Rural Municipality<br>Account Number:09103000191 |

9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



मध्यान्ह
www.madhyanhadaily.com
२१ माघ २०८०, आइतबार
4 February 2024, Sunday

## सम्पादकीय

# गृहमन्त्रीको अर्थपूर्ण आक्रोश

गृहमन्त्री नारायणकाजी श्रेष्ठले शनिबार पोखरा पुगेर चर्को आक्रोश पोखेका छन् । विशेषगरी राज्यलाई लुट्ने काममा संलग्न भएकाहरूविरूद्ध कार्बाही चलाउँदा दबाव आउने गरेकोमा उनको आक्रोश थियो । राजनीतिक दलका नेता, ब्यापारी र कर्मचारी पक्राउ पर्दा दबाव आउने गरेको गृहमन्त्री श्रेष्ठले खुलाए । उनको प्रश्न थियो, यी तीन क्षेत्रलाई नचलाउने हो भने भ्रष्टाचारका मुद्दामा कार्बाही कसलाई गर्ने ? उनको यस्तो अभिव्यक्ति अर्थपूर्ण छ । किनकि बिहीबार मात्रै ठूला उद्योगी अरूण चौधरी सहित तीन जना पक्राउ परेका छन् । बासबारी जग्गा हिनामिहनाको आरोपमा अरूण पक्राउ परेपछि उनका दाजु एवं प्रतिनिधिसभा सदस्य विनोद चौधरीले शुक्रबार चर्को आपत्ति जनाएका थिए । विनोद चौधरी नेपालकै धनी व्यक्ति हुन् भने अहिले प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसका केन्द्रीय सदस्य हुन् ।


विनोद चौधरीले शुक्रबार बसेको कांग्रेस संसदीय दलको बैठकमा समेत भाइ अरूण पक्राउ परेकोमा चर्को आपत्ति जनाएका थिए । सांसद विनोदको आपत्ति मात्रै नभएर अरूण पक्राउ परेपछि शीर्ष नेताहरूबीच भेटवार्ता बाक्लिनुलाई समेत चासोका साथ हेरिएको छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आफै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेट्न कुदिरहेका छन् । कांग्रेसका सभापति शेरबहादुर देउवाको दौडधुप उस्तै छ । प्रधानमन्त्री प्रचण्ड, सभापति देउवा र अध्यक्ष ओली बीच भेटवार्ता मात्रै नभएर अनौपचारिक सम्वाद समेत भइरहेको छ । शीर्ष नेताहरूबीच राष्ट्रिय राजनीतिक विषयवस्तुमाथि सम्वाद हुनु स्वभाविक नै हो । तर सार्वजनिक अभिव्यक्तिमा एकअर्काको चर्को विरोध गर्नेहरूबीच यस्तो बेला हुने सम्वाद र बाक्लो भेटवार्ता स्वभाविक होइन ।

अझ टेरामक्स खरीद प्रकरणबारे अख्तियारले ठूलै दलका नेताहरूमाथि छानबीन गरिरहेको सूचना पनि यसैबेला सार्वजनिक भइरहेको छ । उक्त प्रकरणमा प्रभावशाली नेता तानिने अनुमान छ । यस्तो बेला हुने शीर्ष नेताहरूबीच चलेको भेटवार्ता नियमित राजनीतिक विषयमा मात्रै केन्द्रीत हुन्छ भन्ने मान्न सकिदैन । यसअघिका नजीरले पनि यी भेटवार्ता गलत मनसायले भइरहेको अनुमानलाई बल पुग्छ । यसअघि पनि ठूला भ्रष्टाचारका मुद्दामाथि अनुसन्धान अगाडि बढ्दा शीर्ष नेताहरूको भेटवार्ता बाक्लिने गरेको छ । अनि समयान्तरमा भ्रष्टाचारका मुद्दाहरू रोकिने गरेको सार्वजनिक रूपमै देखिएको थियो । त्यसैले अहिले चलिरहेको छानबीन, नेताहरूको भेटवार्ता र गृहमन्त्रीको आक्रोशले पक्कै पनि सन्देह पैदा गरेको छ । जुन मुलुक, जनता र संवैधानिक व्यवस्थाको हितमा छैन । यसले अहिलेका नेतृत्वहरूमा कुनै सुधारको संकेत नरहेकै आरोपलाई बल पुगिरहेको छ ।

# त्रिवि सुधारको सवाल

*शिक्षा क्षेत्रमा सुधार हुन सक्यो भने मात्र दक्ष जनशक्तिको उत्पादनसँगै नागरिकको सोच र व्यवहारमा सुधार सम्भव हुनसक्छ । जसका लागि त्रिविसहित समग्र सरकारी शिक्षामा आम परिवर्तन आवश्यक छ ।*

अग्रलेख



● कृष्ण बेलबासे

यतिबेला उप-कुलपति नियुक्ति सम्बन्धमा भइरहेको नौटंकीले त्रिभुवन विश्वविद्यालयको गरीमालाई अझ झन् बदनाम तुल्याउँदै गएको छ । यो देख्दा त्रिविको अवस्थामा सुधारको सम्भावना निकै कम रहेको देखिन्छ । यसो हुनुका मूल कारणहरू शिक्षा क्षेत्रको राजनीतिकरण र व्यवसायीकरण हुन् भन्ने कुरा प्रमाणित हुँदै गएको छ । अहिलेको राजनीति विचार एवम् आस्थाको नभएर स्वार्थपूर्तिको माध्यम बन्न पुगेको छ । राजनीतिमा सकारात्मक कुराहरूको होइन, उसले गरेका खुराफातहरूको महत्व हुने गरेको देखिन्छ । तर पनि यदि राजनीति आदर्श प्रेरित र जनता एवम् राष्ट्रहितप्रति समर्पित भइदिएको भए देशको हरेक क्षेत्रमा त्यसका सकारात्मक प्रभावहरू देखिन्थे । अनि त्यसले जनतामा खुशी र सन्तुष्टी ल्याउने थियो । यसो हुनुको सट्टा राजनीतिलाई एउटा फोहोरी खेलमा परिणत गरिएकोले राष्ट्रिय जीवनका हरेक क्षेत्रमा त्यसका नकारात्मक असरहरू मात्र देखिन्छन् । हुँदा हुँदा शिक्षा, स्वास्थ्य र न्याय जस्ता पवित्र क्षेत्रहरू समेत भ्रष्ट र बदनामीको प्रथम सूचीमा समावेश हुन पुगेका छन् । यस कुरामा मुख्य भूमिका विदेशी योजनामा परिचालित कथित राजनीतिक नेतृत्व र तिनकै कार्यकर्ता/दासको रूपमा रहेका प्राज्ञ, विज्ञ भनाउँदाहरूको रहेको कुरामा कुनै शंका र दुविधा छैन ।

जहाँसम्म यतिखेर त्रिविको उप-कुलपति नियुक्तिको प्रसंग छ, हुनत त्रिविको आजसम्मकै इतिहासमा केही अपवादजन्य पात्रहरू बाहेक कुनै पनि पदमा योग्य, सक्षम र इमान्दार व्यक्तिको नियुक्ति भएको पाइँदैन । यस प्रसंगमा एउटा उल्लेखनीय कुरा, यहाँ आजसम्म त्रिविका पदाधिकारीको रूपमा नियुक्त व्यक्तिको योग्यता र क्षमतामा प्रश्न उठाउन खोजिएको होइन । कुरा के मात्र हो भने योग्यता र क्षमताको महत्व त्यतिबेला मात्र हुन्छ, जब व्यक्ति इमानदार र कर्तव्यनिष्ठ हुने गर्दछ । तर, हामीकहाँ त्यस्तो हुने गर्दैन । व्यक्ति जतिसुकै योग्य र सक्षम होओस्, ऊ पद प्राप्तिको लागि आफ्नो हैसियत गुमाएर व्यक्ति वा समूहको दास बन्न तयार हुन्छ । यसरी कसैको आशिर्वादमा पद प्राप्त गरेपछि ऊ आफूले हाँसिल गरेको पदको दायित्व, जिम्मेवारी र मर्यादाप्रति उत्तरदायी हुने कुरामा नभई पदको निरन्तरता र सुरक्षाप्रति बढी सरोकारयुक्त हुनपुग्दछ । त्यसो मात्र भए त हुन्थ्यो, उसको ध्यान पदीय दायित्वप्रति होइन, सुविधा र नाफा प्राप्तिप्रति केन्द्रित हुनेगर्दछ ।

यहिँनेर विचार गरौं न, विश्वविद्यालय एवम् मातहतका संस्थाको जुनसुकै जिम्मेवार पदमा रहनेको सूक्ष्म दायित्व उक्त संस्थाको शैक्षिक, प्रशासनिक र आर्थिक विषयसँग सम्बन्धित हुने गर्दछ । उसले यी तीन वटै क्षेत्रलाई उचित र प्रभावकारीरूपमा संचालन गर्ने गरी नीति निर्माण र प्रयोग गर्नसक्नुपर्दछ । त्यसो हुनसके संस्था आफ्नो उद्देश्य प्राप्तिका निम्ति क्रियाशील र सफल हुनसक्दछ । यससँगै संस्थाको बृहत् दायित्वको कुरा समेत आउँछ । यो भनेको शूक्ष्म दायित्वको निर्वाहको माध्यमबाट दक्ष जनशक्ति उत्पादन र सही नीति निर्माणमा सघाऊ पुऱ्याएर देशको विकासमा योगदान दिइ जनतालाई सुखद र सन्तुष्ट तुल्याउनु हो । यसो हुन सके मात्र विश्वविद्यालयको गुणस्तर र महत्व बढ्न सक्दछ । तर, कसैको कृपा पात्र बनेर विश्वविद्यालयको पदाधिकारी बन्नेहरूलाई यस कुराप्रति न्यून सरोकार रहेको पाइन्छ ।

यसरी आफ्नो पदीय जिम्मेवारीलाई बेवास्ता गर्दै फाइदा र सुविधाको पछि मात्र लाग्नेहरूले सो पदलाई समेत बदनाम गर्ने कार्य गरिरहेका हुन्छन् । यसरी बदनाम तुल्याइएको पदमा आसिन हुन मरिमेट्नेको नियत र आचरणमै शंका उत्पन्न हुनजान्छ । यद्यपि, विश्वविद्यालयको अवस्था यो हालतमा पुऱ्याउने कुरामा पदाधिकारीको मात्र भूमिका रहने गरेको छ भन्न मिल्दैन । विश्वविद्यालयका प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूको भूमिका समेत यो कुराको लागि उत्तिकै जिम्मेवार रहेको पाइन्छ । यसो हुनुको मूल कारण ती सबै पक्षमा आबद्धहरू प्राध्यापन (शिक्षा प्रदान गर्ने), प्रशासन



> *यदि त्रिविलाई जोगाउने हो भने राष्ट्रियता एवम् संस्कृतिसम्मत, नैतिकताको पालना र श्रमको सम्मानयुक्त अनि देशलाई उत्पादनमूलक तुल्याउने सोच र मान्यतासहितको शिक्षा नीति अवलम्बन गर्नु र देशलाई विदेशीहरूको स्वार्थकेन्द्रमा परिणत हुनबाट रोक्नुपर्दछ । त्रिविको जिम्मेवार पदमा नियुक्त हुन चाहनेहरूको पहिलो विशेषता नै उनीहरूले आफ्नो विकृत मानसिकतामा परिवर्तन ल्याउनु पर्दछ ।*

(सामान्य, आर्थिक र शैक्षिक कार्यमा सहयोग पुऱ्याउने) र अध्ययन (शिक्षा आर्जन) जस्ता आफ्ना सरोकारका विषयलाई भन्दा राजनीतिलाई बढी महत्व दिने र त्यसमा सक्रिय रहने गर्ने गरेका कारण विश्वविद्यालयका पदाधिकारी बन्न पुगेकाहरूलाई थप समस्या आइपर्ने गरेको हुनसक्दछ । तर, यदि कुनै व्यक्तिले आफ्नो स्वार्थलाई केन्द्र बनाएर अर्काको दासको रूपमा पद प्राप्ति गरेको होइन भने उसले विश्वविद्यालयको हैसियतलाई कमजोर तुल्याएर जागिर खाने थलोको रूपमा परिणत गर्न लागि परेका शिक्षक तथा कर्मचारीलाई आफ्नो दायित्व र विद्यार्थीलाई विश्वविद्यालय (मातहतका संकाय/संस्थान, अनुसन्धान केन्द्र, क्याम्पस र विभाग समेत) शिक्षा आर्जन/ज्ञानको मात्र केन्द्र हो भन्ने कुरा बोध गराउन सक्नुपर्दछ । यदि त्यसो न गरेर हैसियत शून्यरूपमा पदमा बस्ने हो भने त्यस्ता पदाधिकारीले जतिसुकै योग्यता र क्षमताको गफ दिए पनि कुनै महत्व हुँदैन । बरु आफ्नो योजना र कार्य पद्धतिलाई असहयोग/बिरोध गरी कार्य सम्पादन गर्न दिइँदैन वा सो पदमा कायम रहिरहन उचित लाग्दैन भने त्यसमा असहमति जनाई पद त्याग गर्ने कुरोलाई नैतिक कदम मान्न सकिन्छ ।

जहाँसम्म यतिबेला त्रिवि उपकुलपति पदमा नियुक्ति प्रक्रियाको प्रसङ्ग छ, सो पदमा नियुक्तिका लागि सिफारिस गर्ने कमिटी गठन, सो कमिटीले पटक-पटक गरेका चटके विज्ञापन र एक व्यक्ति मात्र नियुक्ति हुने पदमा ४३ जनाको आवेदन र १/२ बिकल्प बाहेकका आवेदकहरूको हैसियत (तिनको बिगत वा वर्तमानको कार्यशैली, कतिपयले अन्तर्वार्ता र फेसबुकको माध्यमबाट प्रकट गरेका विचारका बारेमा भएको मूल्यांकन)लाई हेर्दा जतिसुकै खुल्ला र पारदर्शी भनिए तापनि यो कार्य विश्वविद्यालयलाई हैसियत शून्य तुल्याएर संकीर्ण स्वार्थपूर्ती गर्ने दुराशययुक्त योजना हो भन्ने देखिन्छ । यो कुराको पुष्ट्याईं उपकुलपति, रेक्टर र रजिष्ट्रार पदमा नियुक्ती कार्य सम्पन्न भएपछि हुने नै छ । नपत्याए हेरौं न, एकजना व्यक्तिले आफ्नो कार्यकालभर एक/दुई पटक पद ग्रहण गर्ने कुरा स्वाभाविकै हो । तर, वर्षौंसम्म पटक-पटक पदमा टाँसिइरहने, प्राध्यापन-अनुसन्धान कार्यमा निकै कम समय व्यतित गरेर पनि पद प्राप्ति कै बलमा प्रमोशन हुँदै जाने, आफ्ना बिगत क्रियाकलापको समीक्षा गरेर गल्ति महसुस र सुधार गर्नुपर्नेमा केही नगरी तिनै कमजोरीलाई योग्यता र सक्षमताको आधार मानिने जस्ता कुराहरू कै कारण विश्वविद्यालयको यो हविगत हुनपुगेको हो भन्ने कुरा स्पष्ट छ । यति हुँदाहुँदै पनि कसरी एउटा व्यक्तिले आफूलाई उपकुलपति हुन योग्य सम्झेर आवेदन गर्दछ ? यसरी हेर्दा, यो विश्वविद्यालयको हितप्रति समर्पित नभएर आफ्ना निहीत उद्देश्यपूर्तिको लागि गरिएको नाकाम प्रर्यत्न हो भन्ने कुरा प्रष्ट हुन आउँछ ।

अब यहिँनेर प्रश्न उभिन्छ, के अब विश्वविद्यालयको अवस्थामा सुधार सम्भव छ त ? निश्चय पनि त्रिविलाई बिगतका ३३ वर्षहरूमा पतनको दिशातर्फ डोऱ्याउने कार्य मात्र गरियो । देशमा भएका राजनीतिक परिवर्तन र तिनका नेतृत्वकर्ताहरूले त्रिविलाई मात्र नभएर देशकै शिक्षा व्यवस्था/नीतिलाई ध्वस्त तुल्याउने बाहेक अरु केही काम गरेनन् । तर, यतिबेला शिक्षा क्षेत्र राजनीति, प्रशासन, न्याय, स्वास्थ्य क्षेत्र जस्तै भ्रष्ट, अनैतिक र बिफल बन्न पुगेको छ । यदि देशको अवस्थामा सुधार ल्याउने हो भने व्यवस्था वा संविधान परिवर्तन र आर्थिक अवस्थामा सुधार जस्ता फोस्रा नाराहरूले सम्भव हुनेछैन । त्यसका निम्ति सर्वप्रथम देशको शिक्षा क्षेत्रमा सुधार आवश्यक छ । यदि शिक्षा क्षेत्रमा सुधार हुन सक्यो भने मात्र दक्ष जनशक्तिको उत्पादनसँगै नागरिकको सोंच र व्यवहारमा सुधार सम्भव हुनसक्छ । अहिलेको राजनीतिका भ्रष्ट र उद्दण्ड पात्रहरूले जनताको सोंच र व्यवहारमा विकृति ल्याउने बाहेक अन्य कुनै कार्य गर्ने गदैनन् भन्ने कुरा तिनको आजसम्मको व्यवहारले प्रष्ट्याई सकेको छ । आजसम्म हामीले कहिले नयाँ शिक्षा त कहिले नीजि शिक्षाको नाऊँमा आफ्नो देशको संस्कृति, मूल्य मान्यता र नैतिकता जस्ता कुराहरूलाई ध्वस्त तुल्याउने कार्य मात्र गऱ्यौं । अझ कथित नव-उदारवादीहरूले त अब देशमा गुणस्तरीय शिक्षाको सम्भावना नै छैन भन्ने मान्यता र सोंचलाई प्रबल बनाएका छन् । त्यसैले देश अब दास जन्माउने केन्द्रको रूपमा परिणत भइसक्यो । यदि यसलाई जोगाउने हो भने राष्ट्रियता एवम् संस्कृति सम्मत, नैतिकताको पालना र श्रमको सम्मानयुक्त अनि देशलाई उत्पादनमूलक तुल्याउने सोंच र मान्यतासहितको शिक्षा नीति अवलम्बन गर्नु र देशलाई विदेशीहरूको स्वार्थकेन्द्रमा परिणत हुनबाट रोक्नुपर्दछ । त्यसैले त्रिविको जिम्मेवार पदमा नियुक्त हुन चाहनेहरूको पहिलो विशेषता, उनीहरूले आफ्नो विकृत मानसिकतामा परिवर्तन ल्याउनु पर्दछ ।

यसैगरी उनीहरूमा स्पष्ट दृष्टिकोण र पारदर्शी कार्यशैलीसँगै सबै पक्षसँग संवाद र सहकार्य गरेर अघि बढ्ने क्षमता समेत राख्नुपर्दछ । त्यसो हुन सके मात्र विश्वविद्यालयको गुणस्तरमा सुधारसँगै त्यसको अस्तित्वको रक्षा गर्न सम्भव हुनेछ । अन्यथा, देशकै अस्तित्व समाप्त पार्न लागिपरेकाहरू र तिनका दलाललाई त्रिविको गुणस्तर वृद्धि र अस्तित्व रक्षाको बिषयमा केको सरोकार होस् र ? पद प्राप्तिको दौडमा नग्न रूपमा प्रस्तुत हुनेहरूलाई होइन, उच्च शिक्षामा स्तर निर्धारण र गुणस्तर बृद्धिमा सरोकार राख्नेहरूको ध्यान यस विषयमा केन्द्रित होस् भन्ने अपेक्षा छ ।

## सामाजिक सञ्जाल



**- मुमाराम खनाल**

निश्चित छ, चौधरी ग्रुपले कुनै शक्तिशाली नेतालाई मोटो रकम नतिरिकन उक्त जग्गा पाएको पक्कै होइन । म सत् प्रतिशत विस्वस्त छु- अहिले पक्राउ गर्नेहरूले पनि निश्चित रकम लिएर उनलाई उन्मुक्ति दिनेछन् । यस्ता सबै मुद्दा खोज्ने हो भने नेपालका कुनै पनि धनी, उद्योगपति र व्यवसायी चोखा छैनन् ।



**- डम्मर खतिवडा**

भारतमा भइरहेका धरपकड साँच्चै भ्रष्टाचार हुन् कि विपक्षीमाथिका दमन ? तर, के बिर्सन हुन्न भन्ने नेपाल, भारत, पाकिस्तान, श्रीलंका र बंगलादेश केही युद्धग्रस्त र अफ्रिकी देशहरू छोडेर संसारकै अति भ्रष्ट देश हुन् । यहाँ एउटा भ्रष्टले नै अर्को भ्रष्टलाई कारबाही गर्ने हो । अभ्रष्ट त कोही भए पो !



**- विश्वरसिंह मेवाहाङ**

राजाले खोलेको बाँसबारी छालाजुत्ता कारखाना भएको जग्गामा अहिले विनोद चौधरीको रजगज छ । सीआइबीले उनको भाइलाई पक्राउ गरेछ । छानबिन त दाइलाई पनि गर्नुपर्थ्यो होला । तर उनी सत्ताधारी पार्टीका सांसद हुन्, किन पक्राउ पर्थे र ! देशको बिडम्बना यही हो ।



**- बद्री विनोद खनाल**

चौधरी समूहका अरूण चौधरी सरकारी जग्गा हिनामीना गरेको आरोपमा सीआईबीले समाएछ, चारदिन प्रहरी हिरासतमा राख्ने निर्णय पनि भएछ । तर, उनको गिरफ्तारीलाई व्यापारीले आफ्नै बेइज्जती ठानेछन् । खुसी लाग्यो, अब यस्तो बेइज्जती हुने काम कर तिर्रेको भरमा व्यापारीले कहिल्यै नगरून् ।

## तपाईंको राशिफल

- मेष : स्वास्थ्य राम्रो रहनेछ । नयाँ कार्यमा सावधानी राख्नुहोला ।
- वृष : व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ । शैक्षिक प्रगति हुनेछ ।
- मिथुन : आध्यात्मिक कार्यमा रुची बढ्नेछ । योजनाहरू तय हुनेछन् ।
- कर्कट : अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला । वाहन सावधानी जरुरी छ ।
- सिंह : सन्तुलित आहार लिनुपर्छ । परिश्रमबाट सफलता मिल्नेछ ।
- कन्या : यश बढ्नेछ । अनावश्यक जिम्मेवारी लिनु हुँदैन ।
- तुला : सबै कार्यहरूमा सावधानी राख्नुपर्छ । प्रसिद्धिमा वृद्धि हुनेछ ।
- वृश्चिक : राजनैतिक कार्य सफल हुनेछ । सम्मानमा वृद्धि हुनेछ ।
- धनु : कुनै पनि कार्यमा हतार नगर्नु होला । स्वास्थ्यमाथि ध्यान दिनुहोला ।
- मकर : धार्मिक कार्यमा सहभागिता बढ्नेछ । विनम्रतापूर्वक कार्य गर्न राम्रो हुन्छ ।
- कुम्भ : वाहन सावधानी राख्नुहोला । राजनैतिक सहयोग प्राप्त हुनेछ ।
- मीन : जनसम्पर्कमा वृद्धि हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेशनल एस्टोलोजिकल फोरम ।
सानेपा, काठमाडौं, नेपाल,
फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com*

# नामका कम्युनिष्ट !

टिप्पणी



● ज्योतिलाल वन

पंक्तिकारले अनेकौं पटक दोहोऱ्याउने गरेको छ- नेपालमा राजतन्त्रको अन्त्य गरी संघीय लोकगणतान्त्रिक राजनीतिक व्यवस्था र शासन प्रणाली स्थापनाको मूल कारक माओवादी सशस्त्र संघर्ष नै थियो । यो व्यवस्था कायम भएपछि यहाँको राज्यसत्तामा विशेष हावी कम्युनिष्ट भनिनेहरू नै हुँदै आएका छन् । तर, यिनले यस्तो अनुकुल परिस्थिति बन्दा पनि सञ्चालन गर्नपर्ने र सकिने कामहरू समेत गर्दै गरेनन् । तथापि, सत्ताबाट बिमुख हुँदा क्रान्तिको कुरा गर्ने र सत्तामा गएपछि हराउने शैली अहिलेपनि कायमै छ । यसै सन्दर्भमा यहाँ कम्युनिष्ट भन्नेले सत्तामा पुगेपछि गर्नुपर्ने दायित्व के थियो भन्ने चर्चा गर्ने प्रयास गरिएको छ ।

विज्ञान र वस्तुपरक (मुलतः मार्क्स प्रतिपादित द्वन्द्वात्मक भौतिकवाद आधारित) सांस्कृतिक चेतना विकासका लागि पाठ्यक्रमको विकास, सञ्चारमाध्यमहरूको उपयोग र सामाजिक चेतना अभिवृद्धि कार्यक्रमहरूलाई प्रभावकारी रूपमा विकास गर्न सकिन्थ्यो । तर, त्यसो भएन । यस्तै, माध्यमहरू मार्फत जातीय र लैङ्गिक भेदभावलगायत विभिन्न सामाजिक र सांस्कृतिक कुरीतिहरूका विरुद्ध सामाजिक अभियानहरू संचालन गर्न सकिन्थ्यो । त्यो पनि भएन । आफुलाई चाहिनेभन्दा बढी भूमि ओगटेकाहरूबाट भूस्वामीको हैसियतका आधारमा मुवाब्जा दिएर वा नदिएर भूमि अधिग्रहण गरी भूमिहीन र गरीब किसानलगायतका कृषि श्रमिकहरूमा ससर्त न्यायोचित भूमि वितरण गर्न सकिन्थ्यो । यस्तै, कृषिजन्य (अन्नबाली, तरकारी, फलफुल, जडिबुटी आदि) उत्पादन विकासका लागि विशेष प्राथमिकता दिएर सिचाईंको व्यवस्थालगायत उन्नत कृषिप्रविधि अपनाई व्यवसायिक कृषि विकास गर्न सकिन्थ्यो । तर, भएन ।

नेपालमा संसारका अन्य मुलुकमा पाउन नसकिने दुलर्भ र अतिमूल्यवान जडिबुटीलगायतका बनस्पति, पर्याप्त जलस्रोत एवम् विभिन्न खनिज पदार्थका खानीहरू समेत रहेकोले यिनको खोजी, उपयोग, उत्पादन विधि र उत्खनन्को प्रयास गरी मुलुकका निम्ति राम्रो आयस्रोतका साथै, रोजगारीवृद्धको परिस्थिति समेत सृजना गर्न सकिन्थ्यो । जुनप्रति प्रयास नै भएन । औपचारिक र अनौपचारिक सबै क्षेत्रमा श्रम गर्ने श्रमिकहरूलाई न्यायोचित पारिश्रमिकलगायत अन्य अवश्यक सुविधाको व्यवस्था मिलाउन सकिन्थ्यो । त्यतातिर सत्तामा पुगेपछि ध्यान गएन ।

यस्तै, समाजमा अझैपनि मिटरब्याज सूदखोर तथा जनशोषक वित्तीय निकायहरूले जनताहरूमाथि गरेको चरम शोषण र अत्याचार अन्त्य गर्न यस्ता अत्याचारीहरूमाथि सशक्त कारबाही गर्न सकिन्थ्यो । यस्ता अत्याचारीहरूको जायजेथा जफत गरी यिनको अत्याचारको मार भोगेका जनतालाई न्यायोचित क्षतिपूर्ति दिलाउन सकिन्थ्यो । भ्रष्टाचारी तथा तस्करहरूको गहन र सुक्ष्म छानबिन गरी यस्ताहरूले अवैध किसिमले लुकाएको सारा सम्पति जफत गरी, उक्त सम्पत्ति राजश्वमा दाखिला गरी यस्ताहरूलाई कसुरको तह अनुसार सख्त कानूनी कारबाही गर्न सकिन्थ्यो । तर, काम भएन ।

राष्ट्राध्यक्षदेखि वडा सदस्यसम्मले न्यूनतम आवश्यकता परिपूर्तिका लागि मात्र राज्यकोषबाट पारिश्रमिक लिएर आम जनताकै तहमा सरल जीवनशैली (एक उदाहरण भियतनामका पूर्व राष्ट्राध्यक्ष होचिमिन्ह) अपनाएर जनसेवामा समर्पित हुने खालको उदाहरणीय आदर्श जीवनव्यवहार देखाउन सकिन्थ्यो । तर बिडम्बना, राज्यसत्ता संचालनको अवसर पाएका कथित वामहरूले यस्ता प्रयासहरू गर्दै गरेनन् । राज्यको नेतृत्वमा पुगेपछि उनीहरुको ध्याउन्न राज्यसत्तामा कसरी टिक्ने र कसरी पुग्ने, त्यसका लागि कसरी आफ्नो दल र आफूलाई प्रभावशाली बनाउने यसैमा कायम रह्यो । यी श्रमजीवि जनताहरूबाट अलग्गिए । यसका लागि यी श्रमशोषक, भ्रष्ट, जालिफटाहा र गुण्डागर्दी गर्नेहरूसँग नजिकिए । कुत्सित स्वार्थ ग्रसित यी आफ्ना विगत मूल्यमान्यताबाट स्खलित मात्रै बनेनन्, गद्दार र विश्वासघाती नै बन्न पुगे ।

यस्ताहरूलाई छाडेर भन्दा यहाँ सत्ताभन्दा बाहिर रहेका आफूलाई शुद्ध र क्रान्तिकारी ठान्ने 'कम्युनिष्ट'हरू पनि नभएका हैनन् । यी मार्क्स, लेनिन र माओलाई 'महापुरुष' नै ठान्छन्, तिनीहरूप्रति खुब भक्तिभाव देखाउँछन्, तिनका कोटेसन भट्याउँछन्, तिनका भनाइहरूलाई 'ब्रह्मवाक्य' जस्तै ठान्छन्, कसैले तिनको कमी र असान्दर्भिक पक्ष औल्यायो भने उसलाई 'साम्राज्यवादको दलाल' ठान्न पनि बेर लाउँदैनन् । लेनिन, स्टालिन, माओ आदिहरूले आ-आफ्नो देश र समाजको, उनीहरूको समकालीन सापेक्षतामा व्यक्त गर्ने गरेका सूत्रहरू फलाक्छन् र साम्यवाद (कम्युनिज्म)को आदर्श छाट्न पनि छाड्दैनन् ।

यी राष्ट्रिय सार्वभौमिकताका सवालहरूलाई लिएर त निकै चिन्ता जाहेर गर्छन् तर, आफ्नो मुलकभित्र विद्यमान चरम सामाजिक असमनता, विभेद, शोषण उत्पीडनलगायतमा माथि उल्लेख गरेजस्ता सवालहरूलाई लिएर सशक्त आवाज उठाउने कुरामा खासै रुची र चासो देखाउँदैनन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# ‘सबै धार्मिक सम्प्रदायबीच एकता जरुरी’

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २० माघ

अन्तर धार्मिक सद्भाव महासंघ नेपाल केन्द्रको आयोजनामा शुक्रबार सन्धिखर्कमा परिचयात्मक छलफल कार्यक्रम सम्पन्न भएको छ । संस्थाका केन्द्रीय संयोजक पूर्वसंविधान सभा सदस्य ईस्लाम धर्मका अभिभावक नजिर मियाको उपस्थितिमा सम्पन्न छलफल कार्यक्रममा अर्घाखाँची जिल्लाका विभिन्न धार्मिक सम्प्रदायका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। छलफल तथा परिचय कार्यक्रममा आफ्ना भनाइहरू राख्दै संयोजक नजिर मियाले देशमा यति बेला धार्मिक सद्भाव खल्बलिन थालेको र धार्मिक सहिष्णुता हराउँदै जान लागेकोले सबै धार्मिक सम्प्रदायबीच एकता, भाइचारा, सद्भाव कायम गरी समाजमा शान्ति स्थापना गर्नु सबैको दयित्व भएको



बताए। उनले सो उद्देश्यलाई पूरा गर्न संस्थाको जन्म भएको समेत बताए । उनले भने, ‘राज्य सबैको साझा हो, राज्यको कुनै धर्म हुँदैन, तर व्यक्ति धर्म निरपेक्ष हुँदैन, सबै नागरिकको कुनै न कुनै धर्ममा आस्था हुन्छ । ती सबै आस्था केन्द्रहरूलाई मिलाएर राख्ने काम राज्यको हो।’

२०८० असोज ९ गते बुटवलमा भएको एक बृहत् बहुपक्षीय धार्मिक भेलाले केन्द्रीय तदर्थ समिति गठन गरेको र यसले सम्पूर्ण वैधानिक कामहरू पूरा गर्दै अगाडि बढ्न थालेको उनले बताए ।

छलफल कार्यक्रममा हिन्दु धर्म रक्षा परिषद नेपालका केन्द्रीय अध्यक्ष नारायण खनालले हाम्रो संस्कार संस्कृति नेपाल र नेपालीहरूको अस्तित्व पहिचान संकटमा पर्दै गएकाले यसको बचाउका लागि सबै लाग्नुपर्ने बताए। नेपालीको घर टुर्क्याउन छद्म भेषीरूपमा खेलखेल्नेहरूप्रति सबै सचेत हुन जरुरी रहेको बताए। कार्यक्रममा ख्रिष्टियन महासंघ लुम्बिनी प्रदेश संयोजक विष्णु परियारले सबै धार्मिक संस्थाबीच एकता कायम गर्न जरुरी रहेको बताए ।

कार्यक्रममा हिन्दु धर्म रक्षा परिषद जिल्ला अध्यक्ष नारायण खड्का, पूर्ण ब्रह्म कविर उपासक समाजका शोभ बहादुर खत्री, ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयबाट नन्दुराम भट्टराई, नेपाल बुद्ध सेवा समाज अर्घाखाँचीबाट इन्द्र बहादुर ग्लेन मगर, नेत्र बहादुर थापा, ईसाई समाज अर्घाखाँचीका अध्यक्ष मनिस सिंह र मानव धर्म सेवा समाजबाट राधा नेपालीको उपस्थिति रहेको थियो । उनीहरू सबैले आ-आफ्ना धारणा राखेका थिए ।

निकट भविष्यमै अझ ठूलो छलफल आयोजना गरी धार्मिक सद्भाव महासंघ तदर्थ समिति अर्घाखाँचीको निर्माण गर्ने सहमतिका साथ परिचय तथा छलफल कार्यक्रम समापन भएको थियो । कार्यक्रममा उपस्थित हुने सबैलाई केन्द्रीय संयोजक नजिर मियाले आभार तथा कृतज्ञता व्यक्त गरेका थिए ।

**Provincial Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office
**Morang**

## Construction of various Roads in Morang District

**First Date of publication: 21st Magh, 2080 (04th Feb, 2024)**

1. Infrastructure Development Office, Morang invites online bids for the Upgrading of various roads in Morang and Sunsari Districts.

| S.N. | Description of Works | Contract Identification No. | Bid Document Fee | Bid Security (NRs) | Estimated Amount (Without VAT) (NRs) |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Shukrabari Uttar kisti pul Sundarharaicha-12, Morang | IDO/MOR/NCB/RW-199/080-81 | 3000 | 76,000 | 26,73,655.03 |
| 2 | Construction of Dharan-8 Ra Dharan -19 Jodne Khahre Khola Ma Pul (Dworpa Dhoj Kulung Ko Ghar Chhew)-Dharan, Sunsari | IDO/MOR/NCB/RW-200/080-81 | 3000 | 60,000 | 21,25,007.00 |
| 3 | Upgrading of Laxmimarga Dekhi Dakshin Dangi Hatt Banauli Karsiya Hudai Amahi (Bharat Sima ) Sadak, Rangeli, Morang | IDO/MOR/NCB/RW -201/080-81 | 3000 | 1,08,000 | 38,77,760.40 |
| 4 | Upgrading of Phuleshwor Marg, Biratnagar-4, Morang | IDO/MOR/NCB/RW-209/080-81 | 3000 | 60,000 | 21,27,294.64 |
| 5 | Upgrading of Adarsha Marga Fun & Food Village West South Road, Biratnagar-8, Morang | IDO/MOR/NCB/RW/ RE-105/080-81 | 3000 | 60,000 | 21,27,079.79 |
| 6 | Upgrading of Sunyahi-Kabristan-BOP Basantpur Badhari Nagar sadak Nirman, Bhokraha Narsing Ga.Pa, Sunsari | IDO/MOR/SQ/RW/RE-133/080-81 | 3000 | 48,000 | 12,63,130.10 |
| 7 | Upgrading of Hulaki Marga Chapdahi hudai Bhokraha Narsing ko Kali Mandir Rahman okil ko ghar hudai Chirauli jane Sadak Nirmaan, Bhokraha Narsing Ga.Pa, Sunsari | IDO/MOR/SQ/RW/RE-134/080-81 | 3000 | 48,000 | 12,66,238.93 |

2. Interested eligible bidders may obtain further information from Infrastructure Development Office, Morang and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp, A complete set of bidding documents may be inspected by the interested bidders and must submit their bid electronically only through E-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp., the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format amounting to NRs mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
3. Pre-bid meeting shall be held at the Infrastructure Development Office, Morang at 1 PM on 2080/11/11 (23rd Feb, 2024)
4. Submission and Opening of bid
   **Last date of bid submission :** **2080-11-22 (05th Mar, 2024)**
   : **Till 12:00 Noon**
   **Bid Opening :** **2080-11-22 (05th Mar, 2024)**
   : **13:00 Hrs**
5. Account Details for Bid Security
   **Name of the Bank : Rastriya Banijya Bank**
   **Name of Office : Pradesh Lekha Niyantrak Karyalaya, Pradesh No-1, Morang, Biratnagar**
   **Office Account no. : 2120100202030000**
   **Office Code no. : 3370113011**
6. Account Details for Bid Document Fee
   **Name of the Bank: Rastriya Banijya Bank** **Name of Office: Infrastructure Development Office, Biratnagar**
   **Office Account no.: 1000100201010001** **Rajaswa (revenue) Shirshak no. : 14229**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAJR AL-SHAM RESTURANT FOR SERVING MEALS शहर : Riyadh
पूर्व स्वीकृत मितिः२०८०/१०/१८ चलानी नं:६०२१४२४६ L.T. No.:299266

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : FAWAZ OBAID KHALAF AL HARBI GENERAL CONTRACTING EST शहर : Riyadh
पूर्व स्वीकृत मितिः२०८०/१०/१८ चलानी नं:६०२१४२४५ L.T. No.:299267

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A Builder | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ २८ गते (11 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No: 1634/080/081
AL FALAH GROUP HUMAN RESOURSE PVT. LTD.
Sinamangal-09, Kathmandu, Nepal. Tel: 01-5918948
Email: alfalahgroupnpl@gmail.com, Website: alfalahghr.com

साउदीमा रोजगार | कम्पनी : BASHAER MOEED AL-MUTAIRI ALUMINUM COMPANY
शहर :Riyadh
पुर्व स्वीकृत मितिः २०८०/१०/१९ चलानी नं.: ६०२१४२८० LT. No.:299339

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 1 Smith | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २८ गते (11 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ईजाजत नं. १२८३/०७४/०७५
Believable Overseas Pvt.ltd.
Maharajgunj , Chakrapath, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501

MALAYSIA मा वैदेशिक रोजगारको अवसर

कम्पनीः XINDA PACKING (MALAYSIA) SDN BHD शहरः MELAKA
पूर्व स्वीकृत मितिः २०८०/१०/१९ चलानी नं.: ६०२१४२७५ LT. No.: 299335

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० माघ २८ गते (11 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BIGYAN H.R. MANAGEMENT (P.) LTD.
Govt Lic No. 1503/074/075
BIGYAN HR MANAGEMENT PVT. LTD.
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477

UAE मा रोजगार | कम्पनीः AL MADINA AGENCIES & SERVICES
शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८०/१०/१८ चलानी नं.: ६०२१४२४४ L.T. No.: 299208

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Factory Worker | 10 | 0 | | 1200 | ४३,२७२ | | | | | | | |
| 3. | Painter | 20 | 0 | | 1200 | ४३,२७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २८ गते (11 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १६०२/०७९/०८०
BRIGHT FUTURE HR SOLUTION PVT.LTD.
KMC-03, Basundhara, Kathmandu, Nepal.
नेपाल फोन नं.: ०१-५९१४६३२
फोन नं.: ९८०३७११६०५, ९८१८०१२७०१, ९८४१८०७२९८,९७६२८८४२१८
Email : cvsbrightfuturehrs@gmail.com

यूएईमा रोजगार | कम्पनीः AL BATAEH BLDG.CLEANING
शहरः DUBAI
पुर्व स्वीकृत मितिः २०८०/०९/१३ चलानी नं.: ६०२१२३८२ LT. No.: 297337 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 2 | 0 | सम्बन्धित काममा दक्ष | 3600 | १२९७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Exterior Cleaner | 22 | 0 | | 1200 | ४३२४८ | | | | | | | |
| 3. | Cleaner | 39 | 0 | | 1200 | ४३२४८ | | | | | | | |
| 4. | Filling Clerk | 2 | 0 | | 2100 | ७५६८४ | | | | | | | |
| 5. | Receptionist | 0 | 2 | | 1200 | ४३२४८ | | | | | | | |
| 6. | Secretary | 0 | 1 | | 2100 | ७५६८४ | | | | | | | |
| 7. | Security Guard | 6 | 0 | | 1500 | ५४०६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ २८ गते (11 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1048/073/74
C.D. Human Resources Pvt. Ltd.
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :9842386737 | 9801081253 | 9801081255 | 9801081252 |
9851094766 | 9801081247 | 9823187308 | 9827934073

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२१ माघ २०८०, आइतबार
4 February 2024, Sunday

# गृहमन्त्रीले वास्तविक सहकारी पीडितलाई न्याय दिन चाहेनन् : रवि लामिछाने

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २० माघ




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति तथा पूर्वउपप्रधानमन्त्री रवि लामिछानेले सरकारले सहकारी ठगी प्रकरणका आरोपित गितेन्द्रबाबु (जीबी) राईलाई पक्रिन नचाहेको आरोप लगाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी अर्घाखाँचीले सन्धिखर्क टुडिखेलमा आयोजना गरेको खुला सभालाई सम्बोधन गर्दै सभापति लामिछानेले गृहमन्त्री नारायणकाजी श्रेष्ठले वास्तविक सहकारी पीडितहरुलाई न्याय दिन नचाहेको आरोप लगाए ।

पीडितलाई न्याय दिलाउनुको साटो सरकार आफूलाई फसाउन गल्ती र कमजोरी खोज्न लागेको पनि उनले आरोप लगाए । 'रवि लामिछानेको केही भेटिन्छ कि खोज्नुहोस् त । यता खोज्नुस् । त्यहाँ खोज्नुस् त केही भेटिन्छ कि भनेर यति समय लगाउनुभयो,' उनले भने, 'केही भए पो पाउनु ? भए त किन छोड्थे र ?'

गृहमन्त्रीलाई सहकारी पीडितलाई न्याय दिनुभन्दा पनि आफूलाई दोषी देखाएर थुन्नु परेको उनको आरोप छ । उपप्रधानमन्त्री भइसकेका टोपबहादुर रायमाझीलाई समाउन सक्दा जीबीलाई किन समाउन नसकेको भनि उनले प्रश्न गरे । 'जीबी राई समाउनतिर लागेको हो र ? रवि लामिछाने भेटिन्छ कि भनेर लागेको हो । समाउन लागे समाउन सक्दैन ? उपप्रधानमन्त्री भइसकेका टोपबहादुर रायमाझीलाई समात्न सक्नुभएको होइन उहाँहरुले ? समाउन खोजेको भए सक्नुहुन्न थियो र ?' उनले प्रश्न गरे ।

# चैते दशैंको अवसरमा टोकियोमा चैत्राष्टमी मेला हुँदै




**जिपि लामिछाने/मध्यान्ह**
काठमाडौं, २० माघ

बागलुङ समाज जापान र बिहुँकोट समाज जापानको संयुक्त आयोजनामा चैते दशैंको अवसरमा टोकियोमा चैत्राष्टमी मेला २०२४ हुने भएको छ । गण्डकी प्रदेशकै महत्वपूर्ण मेलाको रुपमा बागलुङ जिल्लामा परापूर्वकालदेखि सञ्चालन हुँदै आएको चैत्राष्टमी मेलाको झल्को दिनेगरी अप्रिल १४ तारिक आइतबार टोकियोमा संयुक्तरुपमा कार्यक्रम गर्नेगरी तयारी थालिएको बिहुँकोट समाज जापानका अध्यक्ष दिपक कंडेलले जानकारी दिए । कार्यक्रम सम्पन्न गर्नका लागि बागलुङ समाजका अध्यक्ष यमकान्त कंडेलको संयोजकत्वमा मूल आयोजक समिती गठन गरी तयारी थालिएको छ ।


समितिको सदस्यहरुमा बिहुँकोट समाजका उपाध्यक्ष फडिन्द्र शर्मा सुवेदी र बागलुङ समाजका उपाध्यक्ष प्रकाश केसी रहेका छन् भने मेलाको सदस्य सचिवमा दुई समाजका महासचिवहरु घनश्याम कंडेल (अर्जुन) र सचिन आचार्य रहेका छन् । आर्थिक व्यवस्थापन उपसमितिको संयोजकमा बिहुँकोट समाजका उपाध्यक्ष टिकाराम कंडेल तथा सदस्यहरुमा केशव सुवेदी र नारायण प्रसाद कंडेल रहेका छन् ।

यातायात व्यवस्थापनामा दुई समाजका उपाध्यक्षहरु गुरु प्रसाद सापकोटा र रामु कंडेल रहेका छन् भने प्रचार प्रसार उपसमितिको संयोजकमा बागलुङ समाजका उपाध्यक्ष विष्णु सापकोटा तथा सदस्यहरुमा शिवलाल कंडेल, बसन्त आचार्य, रामु खत्री र खिमानन्द कंडेल रहेका छन् । त्यसैगरी अतिथि सम्मान तथा व्यवस्थापना संयोजकमा बागलुङ समाजकी उपाध्यक्ष शोभा केसी (गीता) तथा सदस्यहरुमा बिना खड्का र मुना कंडेल रहेका छन् ।

राष्ट्रिय कलाकारको साथमा हुन गेको सांगीतिक कार्यक्रमलाई ऐतिहासिकरुपमा सफल बनाउन दुवै समाजका संरक्षक, सल्लाहकार, जापानमा गठित जिल्लाभित्रका अन्य समाजहरुसँग समन्यव र सहकार्य गर्दै कार्यक्रम गर्न लागिएको बागलुङ समाजका अध्यक्ष तथा कार्यक्रम मूल आयोजक समितिका संयोजक कंडेलले बताए ।

कार्यक्रमबाट संकलित रकममध्ये केही प्रतिशत बागलुङ जिल्लामा कुनै परोपकारी क्षेत्रमा खर्च गरिने बताइएको छ । कार्यक्रम टोकियोभित्र गरिने भएपनि स्थान र आमन्त्रित कलाकारको बारेमा केही दिनपछि जानकारी गराइने बताइएको छ ।

# जिप दुर्घटनामा दुई जनाको मृत्यु



**अर्घाखाँची/मस–**
अर्घाखाँचीको भूमिकास्थान नगरपालिका वडा नं २ को ढाकावाङ्ग थापाडाडामा लु १ ज १६७९ नम्बरको देउराली यातायात अर्घाखाँचीको जिप दुर्घटना भएको छ । दुर्घटनामा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ भने दुई जना घाइते भएको भूमिकास्थान नगरपालिका वडा नं २ का अध्यक्ष भोजराज खनालले जानकारी दिए ।

न्यूटलमा स्टार्ट छाडेर चालक पसलमा गएको बेला जिप दुर्घटना भएको हो । दुर्घटनामा भूमिकास्थान-२ मुलटंकिका अन्दाजी ३०/३२ वर्षका देवा बेल्वासे र सन्धिखर्क ८ खापडाडाका अन्दाजी ४०/४२ वर्षका डेमकला बेल्वासेको मृत्यु भएको छ । यस्तै पणेना-१ का कपिला खनाल पोखेल र सर्मिक पोखेल घाइते भएको र उनीहरुको अवस्था सामान्य रहेको प्रहरीले बताएको छ ।


## सिंजा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
नराकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८०/१०/२१ गते

यस कार्यालयबाट मिति २०८०/०९/२९ मा प्रकाशित सूचना अनुसार तपशिलको योजनाको लागि रितपूर्वक दर्ता हुनआएका सिलबन्दी दरभाउ पत्रहरुमध्यबाट न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभाव ग्राही निम्न दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | स्वीकृत भएको फर्मको नाम र ठेगाना | कवोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| 1 | SRM/SQ/HD/01/2080/081 | Procurement & Delivery Of Medicines & Surgical Items | Sarobar Medicine Distributors, Birendranagar-03, Surkhet | 7,46,960.00 NPR | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Melamchi Municipality
## Office of the Municipal Executive
**Melamchi, Sindhupalchok**
**Bagmati Province, Nepal**

### INVITATION FOR ELECTRONIC BIDS

**First Date of Publication: 2080/10/21**

Melamchi Municipality invites electronic bids from eligible Bidders/Suppliers for the following goods under National Competitives Bidding, Single envelope bidding Procedures.

| S.N | Name of the Supply/ Contract Identification No. | Bid Security Amount NRs | Price of Bid Document NRs | Last Date of Bid Submission and time | Last Date of Bid opening and time |
|---|---|---|---|---|---|
| 1 | Supply, delivery and installation of Engineering Lab Equipments / MMSI/GOODS/LAB/NCB/2080-81/01 | NRs. 55,000.00 | NRs.3000 | 2080/11/22, 12:00 Hrs | 2080/11/22, 13:00 Hrs |

Eligible Bidders/suppliers may obtain further information from the Office of the Municipal Executive, Melamchi Municipality, Melamchi Sindhupalchok, Telephone: 011- 401089,Email: dms.melamchimun@gmail.com, or may visit PPMO e-GP System web portal www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

### प्रशिक्षार्थी कामदारलाई आवेदन आह्वान गर्ने सार्वजनिक सूचना
### कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षणबारे मोर्डन स्लिपर इण्डष्ट्रिज प्रा.लि.को सूचना

**सूचना प्रकाशित मिति : २०८०/१०/२१**

मोर्डन स्लिपर इण्डष्ट्रिज प्रा.लि., बालाजु-१६, काठमाडौं तथा नेपाल सरकार, लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, त्रिपुरेश्वर, काठमाडौंको लागत साझेदारीमा यस उद्योगमा अठार महिनासम्म रोजगारी सुनिश्चितता हुने गरी देहायअनुसार कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण सञ्चालन गरिने भएको हुँदा प्रशिक्षणमा सहभागी हुन इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त पेश गर्नुहुन सूचीत गरिन्छ ।

१) माग संख्या, योग्यता तथा छनौटको आधार

| क्र.सं. | प्रशिक्षण गरिने पद | आवश्यक प्रशिक्षार्थी कामदार संख्या | आवश्यक योग्यता | प्रशिक्षण अवधि | छनोटको आधार |
|---|---|---|---|---|---|
| १ | सिट बनाउने | २५ | साक्षरता | ३ महिना | अन्तर्वार्ता |
| २ | फिता बनाउने | २५ | साक्षरता | ३ महिना | अन्तर्वार्ता |
| ३ | कटिङ र ड्रिलङ | २५ | साक्षरता | ३ महिना | अन्तर्वार्ता |
| ४ | प्रिन्टिङ, फिटिङ र प्याकेजिङ | ५० | साक्षरता | ३ महिना | अन्तर्वार्ता |
| ५ | ईभा इन्जेक्सन | २५ | साक्षरता | ३ महिना | अन्तर्वार्ता |
| | | जम्मा: १५० | | | |

२) दरखास्तसाथ कुनै पनि किसिमको शुल्क लाग्ने छैन ।
३) दरखास्त पाइने स्थान:-
मोर्डन स्लिपर इण्डष्ट्रिज प्रा.लि., बालाजु-१६, काठमाडौं ।
४) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:-
नागरिकता तथा नागरिकता प्रमाणित प्रतिलिपि ।
हकवालाको नागरिकता प्रमाणित प्रतिलिपि ।
व्यक्तिगत स्थाइ लेखा नम्बर (प्यान कार्ड) ।
बैंकको खाता नम्बर ।
पासपोर्ट साइज २ प्रति फोटो ।
५) प्रशिक्षार्थी कामदारले प्रशिक्षणका अवधिमा पाउने सेवा सूविधा:-
नेपाल सरकारले तोकेबमोजिमको न्यूनतम पारिश्रमिक ।
६) छनोटको सूचना प्रकाशन हुने माध्यम:-
उद्योगको सूचना पाटीमा भएबमोजिम ।
७) दरखास्त बुझाउने स्थान:-
मोर्डन स्लिपर इण्डष्ट्रिज प्रा.लि., बालाजु-१६, काठमाडौं ।
८) सम्पर्क व्यक्तिको टेलिफोन नम्बर तथा ईमेल ठेगाना:-
टेकेन्द्र कडायत - ९८०१२४६९३०
नवराज नेगी - ९८०१२१२१६५८९

### प्रशिक्षार्थी कामदारलाई आवेदन आह्वान गर्ने सार्वजनिक सूचना
### कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षणबारे किरण शुज म्यानुफ्याक्चरर्स प्रा.लि.को सूचना

**सूचना प्रकाशित मिति : २०८०/१०/२१**

किरण शुज म्यानुफ्याक्चरर्स प्रा.लि., महाराजगञ्ज-४, काठमाडौं र रामग्राम न.पा.-१६, हकुई, नवलपरासी तथा नेपाल सरकार, लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, त्रिपुरेश्वर, काठमाडौंको लागत साझेदारीमा यस उद्योगमा अठार महिनासम्म रोजगारी सुनिश्चितता हुने गरी देहायअनुसार कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण सञ्चालन गरिने भएको हुँदा प्रशिक्षणमा सहभागी हुन इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त पेश गर्नुहुन सूचीत गरिन्छ ।

१. माग संख्या, योग्यता तथा छनोटको आधार

| क्र.सं. | प्रशिक्षण गरिने पद | आवश्यक प्रशिक्षार्थी कामदार संख्या | आवश्यक योग्यता | प्रशिक्षण अवधि | छनोटको आधार |
|---|---|---|---|---|---|
| १ | कटिङ अपरेटर | ४५ | साधारण लेखपढ | ३ महिना | अन्तर्वार्ता |
| २ | सिलाई अपरेटर | २६५ | साधारण लेखपढ | ३ महिना | अन्तर्वार्ता |
| ३ | मेसिन अपरेटर | ९० | साधारण लेखपढ | ३ महिना | अन्तर्वार्ता |
| ४ | पेस्टिङ अपरेटर | १३५ | साधारण लेखपढ | ३ महिना | अन्तर्वार्ता |
| ५ | फ्लाईनिट अपरेटर | ४५ | साधारण लेखपढ | ३ महिना | अन्तर्वार्ता |
| ६ | सामग्री ह्यान्डलिङ तथा भण्डारण | २० | साधारण लेखपढ | ३ महिना | अन्तर्वार्ता |
| | | जम्मा: ६०० | | | |

२. दरखास्तसाथ कुनै पनि किसिमको शुल्क लाग्ने छैन ।
३. दरखास्त पाइने स्थान:-
किरण शुज म्यानुफ्याक्चरर्स प्रा.लि., महाराजगञ्ज-४, काठमाडौं र रामग्राम-१६, हकुई, नवलपरासी ।
४. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:-
नागरिकता तथा नागरिकता प्रमाणित प्रतिलिपि ।
हकवालाको नागरिकता प्रमाणित प्रतिलिपि ।
व्यक्तिगत स्थाइ लेखा नम्बर (प्यान कार्ड) ।
बैंकको खाता नम्बर ।
पासपोर्ट साइज २ प्रति फोटो ।
५. प्रशिक्षार्थी कामदारले प्रशिक्षणका अवधिमा पाउने सेवा सूविधा:-
नेपाल सरकारले तोकेबमोजिमको न्यूनतम पारिश्रमिक ।
६. छनोटको सूचना प्रकाशन हुने माध्यम:-
उद्योगको सूचना पाटीमा भएबमोजिम ।
७. दरखास्त बुझाउने स्थान
किरण शुज म्यानुफ्याक्चरर्स प्रा.लि., महाराजगञ्ज-४, काठमाडौं र रामग्राम-१६, हकुई, नवलपरासी ।
८. सम्पर्क व्यक्तिको टेलिफोन नम्बर तथा ईमेल ठेगाना:-
नवराज नेगी -९८०१२१२१६५८९
पूर्णचन्द्र नायक -९८०२३४१६४४

## Kachankawal Rural Municipality
## Office of The Rural Municipal Executive
**Baniyani, Jhapa**
**Koshi Province, Nepal**

### Invitation for e-Bids

**Date of Publication: 21th Magh 2080 (04th Feb, 2024)**

Kachankawal Rural Municipality invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures. Eligible Bidders may obtain further information from PPMO website **www.bolpatra.gov.np/egp**.

| S. N. | Contract ID. | Name of Project | Estimated Amount (Exclusive of VAT & Contingencies) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bidding Procedure | Last Date of Bid Submission | Bid Opening |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NCB/WORKS/ KACHANKAWAL/ 2080-81/09 | Construction of Blacktopped Road along Pathamari-Balubadi Main Road North-Shiva Ma.Vi.-Sana Kishan-Chandramani Marga Ward No. 7 | 97,08,591.05 | 3,000.00 | 2,45,000.00 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2080/11/22 (05th Mar 2024) 12:00 PM | 2080/11/22 (05th Mar 2024) 01:00 PM |
| 2. | NCB/GOODS/ KACHANKAWAL/ 2080-81/02 | Procurement and Supply of Fabricated Steel Parts for Dahal Gaun Khayarbari Truss Bridge | 35,38,137.92 | 3,000.00 | 90,000.00 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2080/11/22 (05th Mar 2024) 12:00 PM | 2080/11/22 (05th Mar 2024) 01:00 PM |
| 3. | SQ/WORKS/ KACHANKAWAL/ 2080-81/02 | Barbed wire Fencing Works for the Degraded Land Rehabilitation Project at Pathamari, Jhapa | 17,00,993.25 | 1,000.00 | 45,000.00 | Minimum 30 Days beyond the Bid validity Period | Sealed Quotations | 2080/11/07 (19th Feb 2024) 12:00 PM | 2080/11/07 (19th Feb 2024) 01:00 PM |

**Chief Administrative Officer**

### गैंटाडबाट फर्कियो पशुचिकित्सकको टोली

# भेडाको नमुना परीक्षण गर्दा महामारी नभएको पुष्टि

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २० माघ

अछाम कमल बजार वडा नं.६ को गैंटाडमा भेडामा देखिएको रोगको परीक्षण गरी पुशचिकित्सकको टोली फर्किएको छ । जुम्ला जिल्लाका किसानहरुले चरिचरणको लागि लगिएको भेडामा देखिएको समस्याको परीक्षण गर्नका लागि पशुचिकित्सकको टोली फर्किएको हो । उनीहरुका अनुसार त्यहाँ बिरामी भएका भेडा परीक्षण गर्दा महामारी नभएको पुष्टि भएको पाइएको छ । यहि माघ १४ गते भेडामा पखाला लाग्ने, पेट ढाडिने समस्या देखिएको कर्णाली प्रदेश सकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री भिम प्रकाश शर्मालाई किसान नन्द बहादुर बमले फोनमार्फत र अर्का किसान सुशिल बमले लिखित निवेदन दिएका थिए । त्यसलगत्तै भेडामा देखिएको समस्याको विषयमा मन्त्री शर्माले तत्काल मन्त्रालयका सचिव नरहरि प्रसाद घिमिरे र मातहतका महाशाखा प्रमुखहरुलाई निर्देशन दिएका थिए । पशु चिकित्सकसहित टोली माघ १५ गते अछामको गैंटाडमा पुगेर भेडामा देखिएको समस्या परीक्षण गरेपछि महामारी नभएको पुष्टि भएको हो ।

त्यस्तै वरिष्ठ पशुचित्सक राकेश प्रजापतिले भने, 'हामी यहि माघ १५ गते बेलुका गैंटाड भेडा पालक किसानहरु भएको ठाउँमा पुगेका थियौं । उनीहरु चिन्तित थिए । हामीले किसानसँग बुभ्दा



जुम्ला जिल्ला हिमा ५ का १३ जना भेडा पालक कृषक तिला २ का १ जना किसान गरी जम्मा १४ जना कृषकले गएको मंसिर १३ गते भेडा ल्याएको बताएका थिए ।' कृषकहरुले जिल्लाबाट भेडाबाख्रालाई घुम्ती चरणका लागि अछाम जिल्लामा पुस ७ गतेदेखि अहिलेसम्म १६ मुली, पुनेपाटा, थुम, कमलबजार, पाचुले, गैंटाड भन्ने स्थानको चरिचरण गरिरहेको बताएका थिए ।

भेडा किसानका अनुसार थुम, कमलबजार, पाचुले, गैटाडको चरणमा चराउँदा भेडा मर्न शुरू भएको बताएका छन् ।

उक्त चरण क्षेत्रमा २०६६ सालदेखि भेडा बाख्रा चरण गर्दै आएको र यस्तो समस्या यो भन्दा अगाडि नभोगेको किसानले बताएको डाक्टर प्रजापतिले बताए । उनले भने, 'करिब ३ सय भेडामा मुख सुन्निने, ढाडिने र एक दुई दिनसम्म यो अवस्था रहने, तेस्रो दिनबाट पखाला लाग्न शुरु हुने र त्यसपछि मृत्यु भएका भेडा बाख्राबाट पिसाबमा रगत देखिने गरेको हो ।'

मर्ने भेडाको उमेर समुह १ देखि तीन वर्ष र १ देखि ५ वर्षका उमेर समुहका भेडा बढी रहेका छन् । १४ गते किसानका २ भेडा मरेको र १५ गते साँझ ४ वटा भेडा मरेका थिए ।

त्यस्तै पाँच वटा भेडा पालक किसानहरुले प्राविधिक टोली पुग्नु भन्दा पहिले भेडामा देखिएको समस्या समाधानको लागि उपचार गर्दा औषधिको मात्रा कम भएको र औषधि लगाउने समय नलगाएको पाइएको छ ।

डाक्टर प्रजापतिका अनुसार संक्रमित भेडामा पि.पि.आर रोगको नमुना चेकजाँचबाट नेगेटिभ आएको छ । मरेका भेडाहरुको अंगहरुको अवलोकन गर्दा आन्द्रामा घाउ र रगत देखिएको इन्टेर ोटक्सीमिया वा घाँसको विषादीपन भए/नभएको इन्टेरोटक्सीमिया रोग निदानको लागि नमुना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोग शालामा पाइएको छ।

गैंटाडमा पुगेको टोलीले एक हजार भेडाको उपचार तथा २ भेडाको पोष्टमार्टम गरी नमुना संकलन गरेको छ ।

त्यस्तै पशुपन्छी रोग अन्वेषण प्रयोगशालाको परजिवी परीक्षण शाखाबाट भेडाको गोबर जाँच गर्दा कोसिडियन र शुक्ष्म जीवाणु परीक्षण शाखाबाट मृतक भेडाको नमुना संकलन गरी परीक्षण गर्दा इकोली (इ.कोली एण्ड बासिलस एसपीपीएस, स्ट्रेप्टो कोकस एसपीपीएस) देखा परेको वरिष्ठ पशुचिकित्सक प्रजापतिले बताए ।

माघ ३ गतेदेखि चरिचरणमा गएका भेडामा देखिएको समस्याबाट १ सय ५० भेडा मरेको र ३ सय बढी भेडा पखला लाग्ने समस्या देखिएको थियो ।

किसानको भेडामा देखिएको समस्या समाधान गर्न अहिले कर्णाली प्रदेश सरकारले करिब १ हजार २ सय भेडामा उपचार गरी प्रयोगशाला परीक्षणबाट (कोट्रिमोक्स, एन्टिबायोटिस) औषधि सिफारिस गरी किसानलाई दिइएको पशुपन्छी विकास महाशाखा प्रमुख प्रचण्ड खड्काले बताए । खड्काले भने, 'भेडा भएको ठाउँमा २ दिन बसेर र भेडामा भएको समस्याबारे अध्ययन गऱ्यौं । पहिले पनि किसानले औषधि उपचार गरेको पायौं ।' किसानले ६ एमल औषधि लगाउने समयमा १ एमल दिएको समयमा औषधि उपचार नगरेकोकारण भेडामा थप पखलाको समस्या समाधान नभएको उनले बताए ।

त्यहाँ पुगेको टोलीले उपचारपछि भेडापालक किसानलाई औषधि प्रयोगको तरिका र कोल्चन व्यवस्थापन सम्बन्धी जानकारी समेत दिइएको छ ।

# मौरीमा रोग देखिएपछि किसान चिन्तित

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २० माघ

हिउँदे मौसम लागे लगत्तै हुम्लाको मौरी व्यवसाय संकटमा परेको छ । हुम्ला जिल्ला मौरी व्यवसाय फस्टाउँदै गएको भएपनि यो वर्ष हिउँद महिना लागे लगत्तै अपरिचित रोगले मौरीको व्यवसाय धरासायी बनाएको सिमकोट गाउँपालिका वडा ७ का किसान हिर बहादुर शाहीले बताए ।

मौरी व्यवसायबाट राम्रो आम्दानी हुने गरेको भएपनि यो हिउँद महिना अपरिचित रोगले मौरी मर्ने हुँदा व्यवसाय संकटमा परेको उनले बताए । उनीसँग यो वर्ष २२ वटा मौरीका घार भएपनि रोगले मौरी मरेर तीन वटा घार मात्र बाँकी रहेको छ । कात्तिक महिना शुरु भएलगत्तै घारमा भएका मौरीको रङ परिवर्तन भएर कालो हुने, घारभित्र माकुराको जस्तो जालो लाग्ने, घारभित्र किरा उत्पादन हुने र मौरी त्यही रोगको सिकार भएर मर्ने हुँदा मौरी व्यवसाय सकिँदै गएको उनले बताए ।

मौरीमा रोग लागे लगत्तै रोगको बारेमा जान्न जिल्ला कृषि विकास कार्यालय धाउँदा पनि यो



रोगको बारेमा कसैलाई जानकार नभएको किसान शाहीले बताए ।

उनले रोगको पहिचान नभएरै मौरी मर्न थालेपछि किसानलाई व्यवसाय गर्ने जागर हराउँदै गएको बताए । त्यस्तै सोही वडाकी किसान बिछ्छु शाहीको पनि उस्तै पीडा रहेको छ । रात दिन नभनि मौरी पालनमा खटिएपनि अपरिचित रोगले मौरी मर्न थालेपछि मौरी व्यवसाय छोड्ने निर्णय गरेको शाहीको भनाइ छ । ३४ वटा घार भएपनि यो हिउँदमा ६ वटा घार मात्र बाँकी रहेको उनले बताइन् ।

उनीसँग आधुनिक घार १६ वटा र मुडे घार १८ वटा थिए । तर मुडे घार भन्दा आधुनिक घारमा यो रोग छिटो लाग्ने गरेको उनले बताइन् । १८ वटा घार भएकी किसान डोल्मा शाहीले यो वर्ष यहि रोगले १७ वटा घारका मौरी मरेर घार खालि भएकाले अब एक घारले मौरी उत्पादननै नहुने भएकाले व्यवसाय नै छाड्न लागेको बताइन् ।

जिल्लामा हिउँद महिनामा धेरै चिसो हुने र घार बाहिर राख्दा मौरीलाई चारोको कमिले गर्दा यस्तो रोग देखा पर्न सक्ने सिमकोट गाउँपालिका कृषि शाखा स्रोतले जनाएको छ । मौरी व्यवसाय गर्ने लक्षित किसानको लागि सम्बन्धित निकायाले समयमै केही सोच्नु जरुरी देखिएको छ ।


## थाहा नगरपालिका
## नगर कार्यापालिकाको कार्यालय
ईन्द्रायणीचौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/१०/२१**

यस कार्यालयका लागि आ.व. २०८०/८१ मा आवश्यक पर्ने देहाय बमोजिमको Open Gym Equipment, तथा भेटेनरी औषधी खरिद प्रयोजनार्थ विद्युतिय माध्यमबाट राष्ट्रिय स्तरको पत्रिकामा खुला सिलबन्दी दरभाउपत्र आव्हानका लागि यो सूचना प्रकाशन गरिएको छ । सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी १५ दिने सूचनाको विस्तृत विवरण यस कार्यालयको Website:www.thahamun.gov.np मा तथा टेण्डरको कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: bolpatra.gov.np/egp बाट Down load गरी प्राप्त गर्न सकिने छ ।

**देहाय**

| क्र.सं. | विवरण | ठेक्का नं. |
|---|---|---|
| १. | Supply of Open Gym Equipment Items For Thaha Municipality. | TM-NCB/13/080/81 |
| २. | Supply of Veterinary medicine, For Thaha Municipality. | TM-NCB 14 /2080-81 |

थप जानकारीका लागि सम्पर्क नम्बर : ९८५५०६८९७८

**प्रमुख प्रशासकीय अधिकृत**



Lumbini Province Government
Ministry of Health
Health Directorate
**Rukum East Hospital, Rukumkot**

**Invitation for Sealed Quotation for the procurement of following mentioned work.**

First Date of Publication: 2080/10/21 B.S. (2024/02/04 A.D.)

1. Rukum East Hospital Rukumkot, Rukum (East) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under Sealed Quotation (SQ) procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed Quotation must be submitted though electronically to the office Rukum East Hospital Rukumkot, Rukum (East) on or before 12:00 Noon on 2080/11/08 B.S. (2024/02/20 A.D). Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2080/11/08 B.S. (2024/02/20 A.D.) at the office of Rukum East Hospital Rukumkot, Rukum (East). Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of the below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act, 2063 and Regulations, 2064 including all amendments.
6. Office of Rukum East Hospital Rukumkot, Rukum (East) reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

Name of the Bank : Nepal Bank Ltd., Rukumkot Branch
Name of Office : Rukum East Hospital, Rukumkot, Rukum (East)

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c Name | RAJASWO KHATA (Office Code: 3500253015) | KHA 2.3-DHARAUTI KHATA |
| A/c No. | 00101000000001001001 | 18902000002003000001 |

7. The Name and identification no. of the contract is as follows.

| S. N. | Description of Works | Contract ID | Estimated Amount (w/o VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | Physical Improvement and Dental Block Construction | EGP/REH/SQ/W/01-080/81 | 17,83,621.35/- (Seventeen Lakhs Eighty Three Thousands Six Hundred Twenty One Rupees Paisa Thirty Five only) | 1,000.00/- (One thousand only) | 50,000.00/- (Fifty Thousands only) |

Medical Superintendent



**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
भोजपुर, कोशी प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

**(प्रकाशित मिति : २०८०/१०/२१)**

यस कार्यालयबाट मिति २०८०/०८/२४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र (Single Stage Two Envelope) आह्वान सम्बन्धि सूचना अनुसार प्राविधिक प्रस्तावमा सारभूत रुपमा प्रभावग्राही भएका देहाय बमोजिमका बोलपत्रदाताहरु उत्तिर्ण भएकोले सार्वजनिक खरिद ऐन २०६४ (संशोधन सहित) को दफा २७ को उप-दफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|---|
| १ | IDO/BHO/W/NCB-01/080/81 | Upgrading of Suntale Dingla Satighat Road | M/S Awai-Shyam JV, Dhankuta |
| | | | M/S Ma Pokhariya-Bhim JV, Lahan |
| | | | M/S Nivil-Unique JV, Itahari |
| | | | M/S Sara Sristi Nirman Sewa, Dhankuta |
| | | | M/S Saiman-Aarav-Mahalaxmi JV, Dhankuta |
| | | | M/S Ma Shree Jaya Shambhu-Kopila JV, Ilam |

**आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान:**
**मिति:** २०८०/१०/२९ (February 12, 2024)
**समय:** दिनको ११:०० बजे
**स्थान:** पूर्वाधार विकास कार्यालय, भोजपुर

**कार्यालय प्रमख**



## साउदीमा रोजगार
१. कम्पनी: TOWER PLANNING TRADING AND CONTRACTING CO LTD
शहर: Saudi Arabia

पूर्व स्वीकृत मिति: २०८०/०९/०४ चलानी नं.: ६०२११८१९ L.T. No.: 296848 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labour | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: TOWER PLANNING TRADING & CONT CO.LTD. शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७९/०८/१९ चलानी नं.: ६०१९२७२४ L.T. No.:277162 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Laboure | 17 | 0 | स. काममा दक्ष | 1000 | ३४,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० फागुन ६, ७ र ८ गते (18, 19 & 20 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ नि:शुल्क क.नं २ रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S. P. M. OVERSEAS PVT. LTD.**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Mob.: 981-3127393/ 984-2151398
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com
Gov. Lic No. 817/066/067

# विद्युतीय ट्याक्सी खरिदमा भ्रष्टाचार भएको आरोप

**काठमाडौं/मस**-ट्याक्सी व्यवसायीहरुले आफूहरुले खरिद गर्ने विद्युतीय ट्याक्सीमा सरकारले नै विचौलिया खडा गरेर ७ लाखको भ्रष्टाचार गर्ने गरेको आरोप लागएका छन्। शनिबार संवाद डबलीमा स्वरोजगार मजदुर चालक स्वतन्त्र संघर्ष समितिले कार्यक्रम आयोजना गरी व्यक्तिले किन्दा २९ देखि ३० लाख र व्यवसायका लागि आफूहरुले खरिद गर्दा ३७ लाख तिर्नुपर्ने बाध्यता भएको बताए।

अन्तरक्रियामा बोल्दै वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठले विद्युतीय साधन व्यक्तिले निजी प्रयोजनका लागि किन्दा र ट्याक्सी व्यवसायीले किन्दा ७ लाखको अन्तर आउनु सरासर कानून विपरित भएको बताए। सत्य र न्यायको खोजी अभियानका संयोजकसमेत रहेका श्रेष्ठले उच्च अदालतले त्यस किसिमको अन्यायलाई नियमन गर्न भनेर सरकारलाई आदेश दिँदा पनि उसले नसुन्न दुःखत रहेको चिन्ता व्यक्त गरे। श्रेष्ठले गरिब जनताको रगत, पसिना र बलबाट बनेको वर्तमान सरकार भ्रष्टाचार विरोधी भनेर नाटक गर्ने, तर वास्तवमा यस्ता स्वरोजगार र गरिब विरोधी भएको आरोप लगाए। श्रेष्ठले गलत भएका विषयमा प्रमाण ल्याय आफ्नो अभियानले




कानूनी उपचार खोज्न सघाउने प्रतिबद्धता जनाए। अधिवक्ता मनिस श्रेष्ठले वर्तमान समयमा देशका युवाहरु अर्काको देशमा मर्न र मार्न तत्पर हुनुको कारण वर्तमान अवस्था रहेको र त्यस्तै समस्या ट्याक्सी व्यवसायमा आएको बताए। देशमा करिब १२ हजार स्वरोजगार ट्याक्सी व्यवसायीलाई पनि सरकारको गलत रवैयाले विदेश पलायन हुन बाध्य बनाएको आरोप लगाए। ट्राफिक प्रहरी र सरकारी उच्च ओहोदाका व्यक्तिहरुले यातायात व्यवसायी तथा मजुदरलाई होच्याउने गरेका बताउँदै भने, 'अख्तियारी र अधिकारको दुरुपयोग गरेर व्यवसायीलाई होच्यानु भनेको संविधान विरोधी भएको र कानूनी कारवाही गरिनुपर्छ।'

क्रान्तिकारी कम्युनिष्ट पार्टीका यातायात मजदुर संघका सहसंयोजक पूर्ण बहादुर लामाले पीडितहरुलाई एक्लै भएको भनेर चिन्ता नलिएर संघर्षमा अघि बढ्न सुझाए। नेपालमा यातायात मात्रै नभएर हरेक क्षेत्रमा माफियाकरण भएकाले त्यसका लागि सबै एकजुट भएर लड्नुपर्ने उनले धारणा राखे।

दुर्गा प्रसाईं समर्थक राजु रानाभाटले ट्याक्सी व्यवसायीलाई सरकारले न्याय नदिए आफूहरु हजारौं चालक लिएर उत्रने चेतावनी दिए। सो संघर्ष समितिका संयोजक सानु पूर्वछाने मगरले देशका हरेक ठाउँमा भ्रष्टाचार भएजस्तै यातायात क्षेत्रमा पनि व्यापक अनियमितता भएको बताउँदै भने, 'सरकारले नै हरेक ठाउँमा बिचौलिया तयार गरेर जनता चुसिरहेको छ, त्यसविरुद्ध अर्को विद्रोह उठ्छ।' यातायत मन्त्री प्रकाश ज्वालाले यातायात क्षेत्रका समस्या समाधान गर्ने भन्दा कमिसनको खेलमा लागेको आरोप लगाए।

सो संघर्ष समितिका वरिष्ठ सल्लाहकार राम थापाले आफूहरुमाथि कानूनी रुपमै अन्याय भएको बताउँदै त्यसको लागि आफूहरु हरेक हिसाबले आन्दोलित हुने अवस्था आएको बताए। स्वरोजगार ट्याक्सी व्यवसायी संघर्ष समिति संयोजक रमेश गोदाईलीले आफूहरुका मागहरु सरकारले सुनुवाई नगरे छिट्टै कडा आन्दोलनमा उत्रने चेतावनी दिए।

आन्दोलन् परिचालन् संयोजक विष्णु कार्कीले सरकारसँग अहिले शान्तिपूर्ण तथा कानूनी अधिकारको लडाईं लडिरहेको र त्यसपछि पनि उसले 'कानमा तेल हालेर' बसे व्यवसाय ठप्प पार्ने चेतावनी दिए।

कार्यक्रमका सञ्चालक अधिवक्ता भरत घिमिरले कुनै व्यक्तिलाई ३० लाख र एक गरिब स्वरोजगार व्यवसायीलाई ढाड सेक्ने गरी ७ लाख बढी तिर्न लाउने सरकार दलाल भएको र विदेशीको इसारामा चल्ने माफिया भएको आरोप लगाए।

# चार थान सालको गोलियासहित एक जना पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २० माघ

रौतहटमा वन गस्ती टोलीले चार थान सालको गोलियासहित एक जनालाई पक्राउ गरेको छ। वृन्दावन सवडिभिजन र चेतनगर सवडिभिजन अन्तर्गतको जंगलबाट वन कर्मचारीले चारवटा साइकल, चार थान सालको गोलिया, एउटा मोटरसाइकलसहित एकजनालाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा गढीमाई नगरपालिका-९ इनारवाका राकेशकुमार साह रहेको डिभिजन वन कार्यालय रौतहटले जनाएको छ। पक्राउ परेका साहलाई बिआर-०६-बिके ५७६९ नम्बर प्लेटको भारतीय मोटरसाइकलसहित नियन्त्रणमा लिएको वन कार्यालयले जनाएको छ। वृन्दावन सवडिभिजन वन कार्यालयका जमदार शेख अनवरको नेतृत्वमा खटिएको वनगस्ती टोलीले उक्त काठसहित



मोटरसाइकल, साइकल नियन्त्रणमा लिएको वृन्दावन सवडिभिजन वन कार्यालयका सहायक वन अधिकृत अनिल महतोले जानकारी दिए। बरामद भएको काठ, साइकल र मोटरसाइकल वृन्दावन सवडिभिजन वन कार्यालयमा ल्याएर राखिएको छ।

# राति नै शुरु भएर राति नै समापन हुने भड्छा मेला हुँदै




**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, २० माघ

राति नै शुरु हुने र राति नै समापन हुने ऐतिहासिक भड्छा मेला शुरु हुन लागेको छ। ऐतिहासिक महत्व बोकेको रुपन्देही कै सबैभन्दा पुरानो ११३ औं भड्छा महोत्सव तथा रात्रीकालिन माघे औंसी मेला माघ २५ गतेबाट सैनामैनामा शुरु हुँदैछ। 'हाम्रो संस्कृति हाम्रो पहिचान, संस्कृति जगेर्ना गर्ने हाम्रो अभियान' भन्ने मूल नाराका साथ मेला शुरु हुन लागेको शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ।

हरेक वर्ष माघे औंसीको अवसर पारेर भड्छा गाउँ समाज सैनामैना-८ को आयोजनामा भड्छा महोत्सव तथा माघे औंसी मेला लाग्ने गर्दछ। यस वर्ष पनि माघ २५, २६ र २७ गते तीन दिने भड्छा महोत्सव तथा रात्रीकालिन माघे औंसी मेलाको तयारी तीव्र गतिमा अगाडि बढाइएको मेला सञ्चालन मूल समितिका संयोजक तथा सैनामैना नगरपालिका वडा न ८ का अध्यक्ष बुद्धिराम चौधरीले जानकारी दिए।

विगतका वर्ष जस्तै यस वर्ष पनि थारु समुदायको सांस्कृतिक पहिचान र स्थानीय कला, संस्कृतिको जगेर्ना गर्ने उद्देश्यसहित मेला आयोजना गरिएको संयोजक चौधरीले बताए।

परापूर्वकालदेखि चल्दै आएको मेला र इतिहासको संरक्षण तथा संवर्द्धन, यस ठाउँमा थारु समुदायको बसोबास र पहिचानलाई जोगाइ राख्नु मेलाको मूल उद्देश्य रहेको अध्यक्ष चौधरीले बताए। सम्मेलनको प्रमुख अतिथि समेत रहेका थारु कल्याणकारी सभा केन्द्रीय पार्षद खुशीराम चौधरीले थारु समुदायको इतिहास र पहिचानसँग जोडिएको प्राचिन मेला भड्छा मेलाको संरक्षणमा सबै समुदायको अपनत्व आवश्यक रहेको बताए।

मानव अधिकार तथा शान्ति समाजका केन्द्रीय निवर्तमान सभापति गोविन्द खनालले थारु समुदायको अस्तित्व र अधिकार स्थापितका लागि र पिछडिएको समुदायलाई अगाडि बढाउन यस मेलाले महत्वपूर्ण भूमिका खेल्ने बताउँदै महोत्सव सफल पार्न सबैको सक्रिय सहभागिताको लागि आग्रह गरे।

मेलामा वडास्तरिय झुमडा नाच प्रतियोगिता, विद्यालयस्तरीय लोक नृत्य प्रतियोगिता, खुल्ला वडा स्तरीय भलिबल प्रतियोगिता तथा थारु संस्कृति झल्किने पहिरन, पुराना सामग्री, थारु परिकारका स्टलहरु रहने पत्रकार सम्मेलनमार्फत आयोजकले जानकारी गराएको छ।

मेला अवधिभर राष्ट्रिय तथा स्थानीय कलाकारको बेजोड प्रस्तुतीसहित भलिवल लगायतका खेलकुद तथा विविध सांस्कृतिक कार्यक्रम हुनेछ।

राती मै शुरु हुने र राती मै समापन हुने प्राचिन ऐतिहासिक मेलाका रुपमा पहिचान बनाएको भड्छा मेला हेर्न रूपन्देही मात्र नभइ कपिलवस्तु, नवलपरासी, दाङसहित पश्चिमका थारू समुदाय आउने गर्दछन्। जसले थारु समुदायको संस्कृतिलाई महत्व प्रदान गरेको छ।

भड्छा गाउँ समाजको आयोजना तथा सैनामैना नगरपालिकाको संरक्षकत्वमा सञ्चालन हुने महोत्सवको लागि सैनामैना नगरपालिकाको ५ लाख आर्थिक सहयोग र अन्य दाताहरुबाट संकलन गरी अनुमानित करिब कुल ९ लाख खर्च गरेर मेला सम्पन्न गरिने आयोजकले जनाएको छ। कार्यक्रम भड्छा गाउँ समाजका उपाध्यक्ष हरि नारायण थारुको स्वागत तथा सचिव पर्शुराम चौधरीले सञ्चालन गरेका थिए।



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/११/२७ मा दर्ता भएको **प्रा.लि.नं. ७३९** को **विन्ध्यावासिनी महिला विकास संस्था प्रा.लि.** को मिति २०८०/१०/१९ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः विष्णुहरी धिताल, इजाजत पत्र नं. ५७३,**
**ठेगानाः जमल १, काठमाडौं, फोन नं. ९८५११९०३४३**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२१**

**रुपाकोट एग्रो सप्लायर्स प्रा.लि.** को मिति २०८०/०५/२३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रुपाकोट एग्रो पोल्ट्री प्रा.लि. (प्रा.लि. नं.: २८५४५२)** कायम गर्ने गरी मिति २०८०/०५/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**

## पूर्वाधार विकास कार्यालय

**कोशी प्रदेश**
**विराटनगर, मोरङ्ग**

## वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८०-१०-२१)**

यस कार्यालयबाट मिति २०८०-०९-१३ गतेको मध्यान्ह दैनिकमा प्रकाशित वोलपत्र आह्वानको सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता भएका वोलपत्रहरु मध्ये तपशिल बमोजिमका वोलपत्र दाताहरुको वोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भइ स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.न. | विवरण | छनौट गरिएको वोलपत्रदाताहरु | कवोल अंक (मु.अ.क.समेत) |
|---|---|---|---|
| 1 | Upgrading of Barahkshetra-7, Shibalay Dekhi Bange Bazzar Jane Sadak Paschim Drain Nirman, Sunsari (Contract No :IDO/MOR/NCB/RW-117/080-81) | M/S Thakur Construction, Inaruwa, Sunsari | 16,57,623.25 |
| 2 | Upgrading of Barahkshetra Nagarpalika Wada No.7 Dhimaal Chowk Dekhi Pipal Chowk Hudai Koshi Baandh Samma 1.5 Km Sadak, Sunsari (Contract No :IDO/MOR/NCB/RW-118/080-81) | M/S Dikhupa Construction, Barahakshetra, Sunsari | 14,78,687.47 |
| 3 | Upgrading of Baliya chowk Shiv Panchayan Mandir Mangaldip Chowk Sadak Sundarharicha-4, Morang (Contract No :IDO/MOR/NCB/RW-119/080-81) | M/S Agni & Sons Nirman Sewa Pvt.Ltd, Surunga, Jhapa | 42,50,635.55 |
| 4 | Upgrading of Biratnagar-8 Amartole Sahayogi Marg Ma Jagat Rai House East To Krishna Naupane House Road, Biratnagar-8, Morang (Contract No :IDO/MOR/NCB/RW-120/080-81) | M/S D.K. Construction and Engineering, Koshi, Sunsari | 20,98,231.54 |
| 5 | Upgrading of Ramdhuni-1, Dakinthan Dekhi Purba Dumariya Jodne Road, Sunsari (Contract No :IDO/MOR/NCB/RW-121/080-81) | M/S Saibaba Construction, Inaruwa, Sunsari | 24,48,109.20 |
| 6 | Upgrading of Koshi Ga.Pa. Jamuwa dekhi Boarder samma Sadak,. Sunsari (Contract No :IDO/MOR/NCB/RW-122/080-81) | M/S D.K. Construction and Engineering, Koshi, Sunsari | 16,10,813.00 |
| 7 | Upgrading of Koshi Tappu ko Gate bata Nuri Madarsa samma ko Sadak Nirmaan, Sunsari (Contract No :IDO/MOR/NCB/RW-123/080-81) | M/S Nuri Nirman Sewa, Jalpapur, Sunsari | 15,47,791.21 |
| 8 | Upgrading of Madan Marga Jhurkiya Sijuwa Satmedi sadak starunnati, Ratuwamai Na Pa 2, 4, 8 ,9 ra 10, Morang (Contract No :IDO/MOR/NCB/RW-124/080-81) | M/S Lalita Construction, Sunwarsi, Morang | 23,26,937.95 |
| 9 | Upgrading of Jhurkiya Sijuwa Satmedi sadak Kalopatre, Ratuwamai, Morang (Contract No :IDO/MOR/NCB/RW-125/080-81) | M/S Lalita Construction, Sunwarsi, Morang | 22,45,476.25 |
| 10 | Upgrading of Mount bording school Agadi Madhyamarga Bahun Tole Hudai Dakshin Dharma Bhakari Uttar Magar Tole Hudai Karki Chowk Sama Sadak, Ratuwamai-10, Morang (Contract No :IDO/MOR/NCB/RW-126/080-81) | M/S Vivo Construction Pvt. Ltd, Letang, Morang | 12,71,255.41 |
| 11 | Upgrading of Urlabari Nagarpalika Paschim Bata Dakchhin Jane Buddhi Rai Ko Ghar Bata Urlabari 8 Jodne Sadak Kalopatre, Urlabari 4, Morang (Contract No :IDO/MOR/NCB/RW-127/080-81) | M/S Purba kshitij Nirman Sewa, Damak, Jhapa | 21,15,072.27 |
| 12 | Upgrading of Biratnagar-3 Ghoghapul Adhuro Yojana Road,Biratnagar-3, Morang (Contract No :IDO/MOR/NCB/RW-128/080-81) | M/S Yuphik Construction, Gokarneshwor, Kathmandu | 38,23,843.80 |
| 13 | Upgrading of Biratnagar-4 Sadbhav tole Ramjanki Marg Road, Morang (Contract No :IDO/MOR/NCB/RW-129/080-81) | M/S Numbur Construction, Suryabinayak, Bhaktapur | 38,27,115.40 |
| 14 | Upgrading of Shriram Basnet Marg , Belgachhi Chowk Road, Biratnagar-1, Morang (Contract No :IDO/MOR/NCB/RW-132/080-81) | M/S Jay Ma Bhawani Construction, Rangeli, Morang | 18,72,296.35 |

# एक लाखभन्दा बढी गाजावासी हताहत : डब्लुएचओ



**काठमाडौं/एजेन्सी–** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले गाजाको अवस्था बिग्रँदै जाँदा एक लाखभन्दा बढी गाजावासी हताहत (घाइते, बेपत्ता वा मृत्यु भएको) अनुमान गरेको छ । यो संख्या गाजाको २३ लाख जनसंख्याको ४.३ प्रतिशत हो ।

जेरूसेलमबाट भिडियो लिंकमार्फत संयुक्त राष्ट्रसंघको साप्ताहिक पत्रकार सम्मेलनमा बोल्दै विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का प्रतिनिधि रिचार्ड पिपरकोर्नले बाँकी जनसंख्याले गम्भीर परिस्थितिको सामना गर्नुपरेको र सुरक्षा, खाना, स्वास्थ्य र न्यानोपनजस्ता आधारभूत आवश्यकता पूरा गर्न संघर्ष गरिरहेको बताए । 'मध्य गाजामा तनाव बढ्दै गएको छ, जसले विद्यमान स्वास्थ्य सुविधाहरूको पहुँचलाई थप कमजोर बनाएको छ,' उनले भने । बिरामी र स्वास्थ्यकर्मी दुवैका लागि अस्पतालहरूमा निरन्तर पहुँचको कमीप्रति गहिरो चिन्ता व्यक्त गर्दै पिपरकोर्नले गाजामा ३६ अस्पतालहरूमध्ये केवल १३ वटा मात्र आंशिक रूपमा सञ्चालनमा रहेको र ७३ प्राथमिक स्वास्थ्य केन्द्रहरूमध्ये १३ वटा मात्र सञ्चालनमा रहेको बताए । जारी द्वन्द्व र शत्रुताले स्वास्थ्य सेवालाई अस्तव्यस्त बनाएको छ । यसले युद्धसँग सम्बन्धित चोटपटक र दीर्घरोग दुवैको पर्याप्त उपचार प्रदान गर्न चुनौतीपूर्ण भएको छ । 'अब कम्तिमा आठ हजार गाजावासीहरूलाई उपचारका लागि रेफर गर्नु पर्ने भएको हामीले अनुमान गरेका छौं,' पिपरकोर्नले भने । तीमध्ये छ हजार जना युद्धमा घाइते हुनुका साथै यसमध्ये कैयौं गम्भीर घाइते रहेका छन् र उनीहरूमध्ये एउटा सानो अंशलाई मात्र दक्षिणी शहर राफामा सफलतापूर्वक स्थानान्तरण गरिएको उनले बताए । पिपरकोर्नले भने, 'उत्तरी गाजामा प्रवेशमा कडा प्रतिबन्ध लगाइएको छ भने डब्लुएचओको यस क्षेत्रका स्वास्थ्य संस्थाहरूमा पुग्न गरिएका अनुरोधलाई लगातार अस्वीकार गरिएको छ ।' उनले थपे, 'गाजामा रहेका युरोपेली अस्पतालमा २२ हजार मानिसहरूले आश्रय लिएका छन् भने त्यहाँ पनि स्वास्थ्य सामग्रीहरू अपर्याप्त भएका छन् । रोगहरू फैलिने खतरा बढिरहेको छ ।'


## Ramaroshan Rural Municipality
## Office of the Municipal Executive
**Santada, Achham Sudurpashchim Province, Nepal**

### Invitation for Electronic Bids

**(First date of Publication: 2080/10/21)**

1. The Ramaroshan Rural Municipality invites Open Competitive electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.
2. The Bidders should deposit the cost of bidding document in the office's revenue accounts specified below.
   **Name of the Bank : Nabil Bank Ltd., Santada Branch, Achham**
   **Name of the Office : Ramaroshan Rural Municipality, Office of the Municipal Executive.**
   **Ramaroshan Gaunpalika Antarik Rajaswa Khata Ga 1.1 :07701017500324**
   **Ramaroshan Gaunpalika Dharauti Ga 3 : 7701017500020**
3. Interested bidder shall submit the electronic bids through www.bolptra.gov.np/egp on or before 12:00 noon on 2080/11/22 and bids will be opened at 2 PM on same day. For Further information please visit PPMO website www.bolpatra.gov.np/egp

| S. N. | Contract No. | Name of Project / Work | Estimated Amount (without VAT & Contingencies) NRs | Bid Security Amount (NRs.) | Fee for bid Document NRs. |
|---|---|---|---|---|---|
| 1 | NCB/RRM/W/ 2/2080/081 | Sutar Swashtya Chauki Bhawan Nirman | 54,91,328.58 | 15,5000.00 | 3000.00 |

**Chief Administrative Officer**



## मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बाबियाचौर, म्याग्दी**
**गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२१**

यस कार्यालयको तर्फबाट मिति २०८०/०९/०३ को आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित विद्युतिय बोलपत्र आह्वानको सूचना अनुसार रितपुर्वक दर्ता भएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र दाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनका लागि उल्लिखित बोलपत्रमा भाग लिने सबै बोलपत्र दाताहरु र सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.कर र PS सहित) | कैफियत |
|---|---|---|---|---|
| MRM/Myagdi/NCB/ W/B/03/080/81 | Construction Of Mangala Shiksha campus Hostel Building | Myagdi Rara Construction, Myagdi | 8115502.73 - | |
| MRM/Myagdi/NCB/ W/R/04/080/081 | Handebhir Protection Works | Myagdi Rara Construction, Myagdi | 6451945.97- | |

**प्रमुख प्रशासकिय अधिकृत**



## Damak Municipality
## Office of Municipal Executive
**Damak, Jhapa**
**1 No. Province, Nepal**

### Invitation for Online Bids

Date of publication: 2024-02-04 A.D. (2080-10-21 B.S.)

1) Damak Municipality, Damak, Jhapa invites online bids under e-procurement system from eligible bidders for the following works: Project Name: **Construction of Black Top Road on Yalambar Chowk – Model Chowk – Malpot Marga, Damak 4 and 5** Contract ID No.: **DMO/JHAPA/ROAD/38/080-81**

| S.N. | Average Annual Construction Turnover | Specific Experience Requirements | Bid Security Amount | Cost of Bid Document | Bid Validity Period | Last Date of Bid Submission | Technical Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | 4,20,00,000.00 | 97,00,000.00 | 700000.00 | 5,000.00 | 150 days | 2024-03-05 12:00 | 2024-03-05 13:00 |

2) Eligible Bidders may obtain further information by contacting directly to the office or inspect the bidding documents by visiting PPMO website **www.bolpatra.gov.np/egp**.
3) A complete set of bidding documents may be downloaded for e-submission from PPMO's website **www.bolpatra.gov.np/egp** and should deposit the cost (as specified above) of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Rastriya Banijya Bank, Damak, Jhapa**
   Name of Office : **Damak Municipality, Damak, Jhapa**
   Account Name: **Aantarik Rajaswa Khata**
   Account No.: **2140100301010002**
4) Pre-bid meeting shall be held at Damak Municipality, Damak, Jhapa as per mentioned in e-bid system.
5) If the last date of opening bid falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**
**Damak Municipality**



## Simkot Rural Municipality
## Office of the Rural Municipal Executive
**Simkot, Humla**

**Date of publication: 2080/10/21**

1. The Simkot Rural municipaliy invites electronic bids from Nepalese eligible bidders for the goods under Bidding procedures. The estimated amount for the goods are Rs. ***As mentioned below.***
2. A complete set of Bidding Documents may be purchased by eligible bidder , upon payment of a non-refunadable fee of RS 1000 till bid document submit. Information to deposite the cost of bidding document in bank.
   Name of the bank : RBB Humla
   Name of office : Simkot Rural municipaliy.
   Rajaswa (revenue) shirshak no. : 4190100301010003( Rajaswa)
3. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np.

**Details of Work**

| S. N | Contract Id No. | Description Of Works | Location Of Site | Estimated Amount Without Vat | Bid Security Amount In Nrs. | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | SRM/SQ/G/ 03-2080/81 | Procurement Of Multi Crops Combine Mill Machine & Trasportation Upto Office | SIMKOT RM | 7,15,596.80 | 20,000.00 | 1000 | कृषि औजार उकरण उत्पादक तथा थोक बिक्रेताले मात्र |
| 2 | SRM/SQ/G/ 04-2080/81 | Procurement Of Solar Dryer & Trasportation Upto Office | SIMKOT RM | | 35,000.00 | 1000 | कृषि औजार उकरण उत्पादक तथा थोक बिक्रेताले मात्र |
| 3 | SRM/SQ/G/ 05-2080/81 | Procurement Of Medicine & Trasportation Upto Office | SIMKOT RM | 12,50,000.00 | 35,000.00 | 1000 | WHO -GMP certiyfy, DDA Certiyfy, Pharmacy council |

**Chief Adminstrative Officer**



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनीः **MINISTRY OF INTERIOR HUMAN RESOURCES DEPARTMENT** शहरः Doha, Qatar

पुर्व स्वीकृत मितिः२०८०/१०/१९ चलानी नं.: ६०२१४२७९ LT. No.: 299283

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 50 | स. काममा दक्ष | 3500 | १२७०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता हायात रेजेन्सी, तारागाउँ, बौद्ध र कम्पनीको प्रधान कार्यालय ज्ञानेश्वर काठमाडौंमा मिति २०८० फागुन ९, १०, ११, १२ र १३ गते** (21, 22, 23, 24 & 25 February 2024) **मा हुनेछ ।**

**Food, Accomodation, Joining air ticket and service charge provided by the company.**

**अन्य आवश्यक शर्त र अवस्थाहरु :**

१. पुरुष आवेदकहरु नेपाली सेना वा भारतीय गोर्खा सैनिकमा कम्तीमा ८ बर्षको कार्य अनुभव भएको र महिलाको हकमा नेपाली सेना वा शसस्त्र प्रहरीबल नेपालमा ५ बर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

२. आवेदकहरुको उचाई, उमेर तथा शैक्षिक योग्यता निम्नानुसार हुनुपर्नेछ ।

| सि.न. | आवेदकको प्रकार | न्यूनतम उचाई | उमेर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | पुरुष | ५ फीट ७ ईन्च | २८ बर्ष पुरा भई ३८ ननाघेको | ८कक्षा उतीर्ण |
| २. | महिला | ५ फीट ४ ईन्च | २३ बर्ष पुरा भई ३३ ननाघेको | ८कक्षा उतीर्ण |

नोट : SLC वा सो भन्दा माथी उतिर्ण हुनेहरुलाई प्राथमिकता दिईनेछ ।

३. मार्शल आर्ट/टेकवान्डो/कराँते/आइकिडो/बक्सिङ्क आदि खेलको प्रमाणपत्र तथा डाईभिङ्ग लाईसेन्स भएका आवेदकहरुलाई प्राथमिकता दिईनेछ ।

४. पेन्सन सहित अवकास प्राप्त पुरुष आवेदकहरुले आफ्नो कदर पत्र, सम्बन्धित संस्थाले प्रदान गरेको CV, पेन्सन पट्टाको फोटोकपी, पासपोर्टको फोटोकपी, शैक्षिक प्रमाण पत्रहरुको फोटोकपी तथा UN Mission को Certificate समेतलाई लाई Colour Copy मा पेश गर्नु पर्नेछ र अन्य तालिमका सम्पूर्ण प्रमाणपत्रहरु Black & White मा पेश गर्नु पर्नेछ ।

५. पेन्सन सहित अवकाश प्राप्त सैनिकहरु बाहेक अन्य महिला एवम् पुरुष आवेदकहरुले आफ्नो डकुमेन्ट पेश गर्दा प्रमुख प्रमाणपत्रहरुका प्रतिलिपीहरुलाई Colour copy मा फोटोकपी गरी पेश गर्नुपर्नेछ र Training का Certificate हरुलाई आधिकारिक अंग्रेजी अनुवाद गरी अंग्रेजी र नेपालीका दुवै किसिमका Certificate हरु Black & White मा पेश गर्नुपर्नेछ । निजहरुले व्यक्तिगत जिम्मेवारीको लागि प्रतिबद्धता पत्र समेत राखी निवेदन दिनुपर्नेछ । अन्यथा निजको निवेदन उपर कारवाही हुने छैन ।

६. माथी बुदाँ नं. ४ र ५ मा उल्लेख गरे बमोजिमका सम्पूर्ण कागजातहरु आफुलाई पाएक पर्ने ठाउँमा तोकिए बमोजिम Colour तथा Black & White मा फोटोकपी अग्रीम रुपमा गरी तयारी अवस्थामा फर्म भर्न यस कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

७. फर्जि कागजातहरु पाईएमा त्यसलाई दण्डनीय रुपमा लिई आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा प्रेषित गरिनेछ ।

८. माथी उल्लेखित न्युनतम योग्यता पुगेका Dog Handling,Veterinary एवम् Bomb Disposal क्षेत्रमा विशेष तालिम गरी कार्य अनुभवको प्रमाणपत्रहरु भएका आवेदकहरुले सोको विवरण समेत खुलाई आवेदन पत्र पेश गर्न सक्नेछन् ।

९. आवेदक स्वयंम यस कार्यालयमा स्वयम् उपस्थित भई आफ्नो प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ । Whatsapp तथा Email बाट प्राप्त Document हरुको कारवाही हुने छैन ।

१०.शरिरमा ट्याटु र अन्य कुनै अस्वाभविक रुपको दागहरु भएका व्यक्तिहरुको आवेदन रद्द हुनेछ ।

११.फाईनल अन्तरवार्तामा आउँदा आफ्नो साथमा सक्कल पासपोर्ट र सम्पुर्ण सक्कल प्रमाणपत्रहरु सहित Casual Dress मा उपस्थित हुनुपर्नेछ ।

१२.सम्पूर्ण आवेदकहरुको आवेदनपत्रहरु छनविन गरी योग्य आवेदनकर्तालाई मात्र फाईनल ईन्टरम्यूमा राख्ने अधिकार प्रा.लि.मा सुरक्षित हुनेछ ।

१३.कुनै पनि प्रकारको गुनासो भएमा यस प्रा.लि. को मानव स्रोत संशाधन विभागमा निवेदन दिन सक्नु हुनेछ । उक्त निवेदन उपर छानविन एवम् आवश्यक कारवाही हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**KTM International Private Limited**
Together We Are
श्रम इजाजत नं. ११२७/०७३/०७४
का.म.न.पा. -३०, ज्ञानेश्वर,काठमाडौं
(ग्यालेक्सी पब्लिक स्कुलको गेट नं. १ को नजिकै)
सम्पर्क न. : ०१-४५४४५४५/०१-४५४४५६१/९८०१०१९००९
इमेल : ktm.international@ktmgroups.com

# बक्स अफिस समाचार

## गैरआवासीय नेपाली तारा–२०२३

# गायनतर्फको उपाधि रुस्तम र नृत्यतर्फको उपाधि निरुलाई




**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २० माघ

'गैरआवासीय नेपाली तारा–२०२३, कतार सिजन ४'को गायन विधातर्फ रुस्तम तामाङ र नृत्य विधातर्फ निरु श्रेष्ठले उपाधि चुमेका छन् । शुक्रबार कतारको अल लक्तामा अवस्थित ट्युनिसीयन स्कुलको हलमा सम्पन्न ग्राण्ड फिनालेमा गायनबाट उपविजेता सुजन गुरुङ र नृत्य विधातर्फ सरोज लामा उपविजेता बन्दा उनीहरूले ताराको उपाधि चुमेका हुन् ।

राष्ट्रिय आविष्कार केन्द्रको सहयोगार्थ आयोजना गरिएको प्रतियोगिताका गायन विधाका विजेताले १ लाख ८१ हजार र नृत्य विधाका विजेताले १ लाख ५० हजार रुपैयाँ नगद पुरस्कारसहित ट्रफी प्राप्त गरे भने उपविजेताले जनही ७५ हजार रुपैयाँ प्राप्त गरे ।

१ डिसेम्बर २०२३ शुक्रबार पहिलो अडिसन लिँदै शुरु भएको प्रतियोगितामा कूल ४७ जना सहभागी भएका थिए भने ग्राण्ड फिनालेमा नृत्य विधामा जुनमाया कुमाल, सरोज लामा, निरु श्रेष्ठ, झरना राई र सौजन चाहारले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । गायन विधामा दीपक कुमार घले, इसान रेग्मी, सुजन गुरुङ, मानसिंह परियार र रुस्तम तामाङले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए ।

सुनखानी ५ सिन्धुपाल्चोकमा जन्मिएका रुस्तम एक दशकदेखि कतारमा कार्यरत छन् । नागार्जुन १ काठमाडौंमा बसोबास गर्दै आएका उनी स्कुले जीवनकालदेखि गाउन शुरु गरेको स्मरण गर्छन् । आफ्ना कुनै पनि एल्बम सार्वजनिक नगरे पनि थुप्रै स्टेजमा प्रस्तुति दिएको अनुभव उनीसँग छ । अडिसन राउण्ड रामकृष्ण ढकालको गीत गाएर छनोट भएका उनी ग्राण्ड फिनालेमा अतिथि निर्णायक रूपमा ढकाललाई पाउँदा खुसी मात्र भएनन् उनको गायिकीको ढकालले तारिफ गर्दा फुरुङ्ग परेका उनी ढकालकै हातबाट आफूले जितेको पुरस्कारको राशि थाप्दा निकै खुसी देखिए । उनले पुरस्कारको राशि गीतसंगीतमै खर्च गर्ने बताए । इलामको बिब्लाटे डाँडा गाउँमा जन्मिएकी निरु श्रेष्ठ विगत चार सालदेखि कतारमा श्रमिकका रूपमा कार्यरत छिन् । बच्चा हुँदादेखि नै नृत्यमा सौखिन उनले थुप्रै स्टेजमा आफ्नो कला प्रस्तुत गरे पनि प्रतिस्पर्धामा भने पहिलो पटक भाग लिएर पहिलो पटक नै उपाधि जितेकी हुन् । नेपालबाट अतिथि निर्णायकका रूपमा आएकी नायिका मोडल पूर्णिमा श्रेष्ठले पनि उनको नृत्यको तारिफ गरिन् । उनले उपाधिको रकम कहीँ न कहीँ सकारात्मक काममै खर्च गर्ने बताइन् । गैरआवासीय नेपाली संघ (एनसीसी) कतार र तमु (गुरुङ) समाज कतारको संयुक्त आयोजनामा आयोजित 'गैरआवासीय नेपाली तारा–२०२३ कतार सिजन ४'को ग्राण्ड फिनाले संघका अध्यक्ष रमेश भट्टको सभापतित्व तथा कतारका लागि नेपाली राजदूत नरेश विक्रम ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । विधिवतरूपमा अगाडि बढेको कार्यक्रममा तमु समाजकी अध्यक्ष टौमाया गुरुङले स्वागत मन्तव्य राखेकी थिइन् भने स्वागत नृत्य र स्वागत गीतद्वारा उपस्थितलाई स्वागत गरिएको थियो । नेपालबाट अतिथि निर्णायकका रूपमा कतार आएका अतिथि निर्णायक ढकालले आफ्ना कालजयी गीतमार्फत उपस्थितलाई मनोरञ्जन प्रदान गरे भने अर्की निर्णायक श्रेष्ठले पनि मसुप गीतमा आकर्षक नृत्य पेस गरिन् ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि ढकालले यो प्रतियोगिता एक नमुना मात्र नभइ पृथक कार्यक्रम बनेको बताउँदै कार्यक्रमका लागि हल व्यवस्थापन गरिदिने कतार च्यारिटीलाई कृतज्ञता प्रकट गरे । एनआरएनए आईसीसीसहित कतारमा स्थापित विभिन्न सामाजिक, सामुदायिक वैचारिक संगठनका अध्यक्ष तथा विभिन्न ओहोदाका व्यक्तित्वहरूको विशेष आतिथ्यता रहेको थियो भने उनीहरुले शुभकामना मन्तव्य राखेका थिए ।

कमलमणि गुरागाई, क्रान्ति सिंह, करिम बक्स मियाँ र बुधबल गुरुङ परीवेक्षक रहेको कार्यक्रममा आइडलका गायन विधाका निर्णायक मङ्गल बिक र वीरेन्द्र श्रेष्ठले समेत सांगीतिक प्रस्तुति दिए । नृत्य विधाका निर्णायक भविन तामाङ, भीम प्रसाद गुरुङ र जनक थापा मगरसहित टौमाया गुरुङ, शिला गुरुङ र सोनी आले मगरले सामूहिक नृत्य पेस गरे । नेपाल मगर संघ शाखा कतार, नेपाल प्रवासी तामाङ समाज र तमु (गुरुङ) समाज कतारका कलाकारहरूले सामूहिक नृत्य पेस गरेका थिए भने गोबिन गुरुङले आफ्नो गायिकीमार्फत उपस्थितलाई झुमाएका थिए । कार्यक्रमका सभापति र प्रमुख अतिथिलाई फेटाद्वारा सम्मान गरिएको थियो भने ग्राण्ड फिनालेमा पुग्न सफल दश प्रतियोगी, अतिथि निर्णायकसहित वीरेन्द्र श्रेष्ठ, गुन्जन तामाङ र मङ्गल विक, भबिन तामाङ, भीम प्रसाद गुरुङ र जनक लाफा मगरलाई पनि मायाको चिनोसहित सम्मान गरिएको थियो । चार चरणमा सम्पन्न आइडलका अतिथि राज रेग्मी, प्रभात त्रिपाठी, ग्राण्ड फिनालेका अतिथि निर्णायकद्वय एनआरएनए आईसीसीका उप- महासचिव प्रवीण गुरुङ र नरेन्द्र बहादुर भाटलाई समेत सम्मान गरिएको थियो । संघका महासचिव रबिन मगरले औपचारिक र भानु शर्माले सांगीतिक कार्यक्रमलाई सहजीकरण गरेका थिए । कार्यक्रम समापन गर्दै सभापति भट्टले प्रतियोगिताका विजयीहरूलाई शुभकामना दिँदै आइडललाई सफल बनाउन विभिन्न कोणबाट सहयोग गर्ने सबैप्रति कृतज्ञता प्रकट गरेका थिए ।


## साउदीमा रोजगारको अवसर

**कम्पनी: FIRST NATIONAL COMPANY**
**शहर: RIYADH**

पूर्व स्वीकृत मितिः २०८०/१०/१९ चलानी नं.: ६०२१४२७८ LT. No.:299301

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Manufacturing Worker | 20 | 0 | स. काममा दक्ष | 1200 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**२. कम्पनी: ALMUSAIRIEY STEEL INDUSTRIES CO**
**शहर: RIYADH**

पूर्व स्वीकृत मितिः २०८०/१०/१९ चलानी नं.: ६०२१४२७७ LT. No.:299300

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Forklift Driver | 1 | 0 | स. काममा दक्ष | 1500 | ५२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २८ गते (11 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

